
# लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## रम्भा गाउँपालिका, पाल्पा

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं


प.सं.:2081/82 मिति : २०८२-२-८

च.न.:FAR/2080-81/LOC/428

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्ष ज्यू,

रम्भा गाउँपालिका,

गाउँ कार्यपालिकाको कार्यालय, पाल्पा।

## कैफियतसहितको राय

हामीले रम्भा पालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ। हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

## कैफियतसहितको राय व्यक्त गर्ने आधार

१. पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानिय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ।पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं. २७०) मा अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ११ करोड ५४ लाख ९१ हजार र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु. २१ लाख ९४ हजार समेत गरी रु. ११ करोड ७६ लाख ८५ हजार समावेश गरेको छैन।

२. पालिकाको रु. १ अर्ब ४ करोड १ लाख ७१ हजार लेखापरीक्षण गरिएकोमा रू. १ करोड २५ लाख २६ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. ३३ लाख १३ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु रु ९२ लाख १३ हजार मध्ये असुल गर्नुपर्ने रू.२ लाख, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १४ लाख ७८ हजार, नियमित गर्नुपर्ने रु. ७३ लाख ३५ हजार र पेस्की बाँकी रु. २ लाख रहेको छ।गत वर्षसम्म रु. ३ करोड ६१ लाख ६२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक

बेरुजू रु. ४ करोड ५३ लाख ७५ हजार रहेको छ।बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. पालिकाको आ.व. ०८०/८१ मा वित्तीय विवरणमा समावेश हुनु पर्नेमा अन्तर सरकारी हस्तान्तरण तर्फको निकासा खर्च समावेश नगरेकोले, वित्तीय विवरणमा हिसाब फरक परेको, लेखानीति तथा टिप्पणीमा खुलासा गर्नुपर्नेमा सम्पत्ति तर्फको खुलासा नगरेको अवस्था रहेको छ । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने रम्भा पालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी रम्भा पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, पालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजीवा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( नारायण एम.सी. )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु (रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७७ | ३६ | १२५२६ | ० | २७ | ३३१३ | ० | ७७ | ९ | ९२१३ | २०० | ७३३५ | १४७८ | ० | ० | ८८१३ | २०० |

### अद्यावधिक बेरुजू स्थिति (रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| पाल्पा | ८७४६३ | ० | ५१३०१ | ३६१६२ | ० | ९२१३ | ४५३७५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४६ | सामाजिक सुरक्षा भत्ता | ३०४८३ |
| २ | २०८०/८१ | ५३ | विद्यालय संचालन तथा व्यवस्थापन अनुदान | ४८२००० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ३ | २०८०/८१ | ६८ | पेश्की बाँकी | २४०१८०५ |
| ४ | २०८०/८१ | ६५.२ | जनजाती संग्राहलय | १७६७०४ |
| ५ | २०८०/८१ | ३५ | घ्याङ्गसिङ पोखरा रैयाफेदी मोटरबाटो | १७१४१ |
| ६ | २०७९/८० | ५५.४ | हेफर प्रोजेक्ट नेपाल क्रमश | १२०००० |
| ७ | २०७९/८० | ५४.५ | हेफर प्रोजेक्ट नेपाल | १९८०००० |
| ८ | २०७९/८० | ४४ | स्टिमेट गरिएका अन्यकाम घटाएर एउटा मात्र काम गराएको | ८९१४१२ |
| ९ | २०७९/८० | ३२ | सूचना प्रकाशनमा छुट | ३३९१० |
| १० | २०७९/८० | ५०.१ | सहदीखोला रानीबास किटेनी तल्लो झोकेदी सडक निर्माणः | १४२८३ |
| ११ | २०७९/८० | ३३ | शिक्षातर्फ | ८४७५६४ |
| १२ | २०७९/८० | ३१ | विधुत महशुलमा जरिवान भुक्तानी | ३५०८ |
| १३ | २०७९/८० | ३४ | विद्यालयलाई बढी भुक्तानी | १८००० |
| १४ | २०७९/८० | ३५ | विद्यालयलाई निकासा | ८२३५७८६ |
| १५ | २०७९/८० | ४३ | रिमिघा पर्यटन प्रवर्दन | ९२०७७ |
| १६ | २०७९/८० | ५२ | पुर्व निर्धारित क्षतिपुर्ती | ८५३६ |
| १७ | २०७९/८० | ४९ | पिएस रकम बढी भुक्तानी | २४९१ |
| १८ | २०७९/८० | ३६ | नाफामूलक संस्थालाई अनुदान | ५०००० |
| १९ | २०७९/८० | ३९ | घटी बहाल कर कट्टी | २६४४ |
| २० | २०७९/८० | ४८ | कर कट्टि नभएको | ११२३२ |
| २१ | २०७८/७९ | ४२ | हेफर नेपालसँग साझेदारी | ६०१०४० |
| २२ | २०७८/७९ | ३६ | सेनिटरी प्याड शिर्षकबाट शिक्षकलाई तलब: | ११३३००० |
| २३ | २०७८/७९ | ४७.२ | सामाजिक सुरक्षातर्फ | १६८२२१ |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| २४ | २०७८/७९ | २८ | योजना सल्लाकार | २७९००० |
| २५ | २०७८/७९ | २६ | बढी भुक्तानी | ३८८१६ |
| २६ | २०७८/७९ | ३८ | प्रमाण पेश नभएको | ७९३९७० |
| २७ | २०७८/७९ | ३४ | दाखिला पेश नभएको: | १०००००० |
| २८ | २०७८/७९ | ४१ | दरवन्दी बाहिरको भुक्तानी: | ५४९९९९ |
| २९ | २०७८/७९ | ४३ | कार्यसम्पन्न नभई भुक्तानी | १६७८६००० |
| ३० | २०७७/७८ | २२ | साझेदारी कार्यक्रम | ३१२४३६३ |
| ३१ | २०७७/७८ | २४ | सट्टा शिक्षक | ४६९००० |
| ३२ | २०७७/७८ | २५ | गत वर्षको दायित्व भुक्तानी | ३९०१४० |
| ३३ | २०७७/७८ | ३९.६ | उपभोक्ता समिति तर्फ | २९२५००० |
| ३४ | २०८०/८१ | २३ | भरपाई नभएको | ५२४७० |
| ३५ | २०८०/८१ | २५ | परामर्शदातालाई भुक्तानी | १२८४८० |
| ३६ | २०८०/८१ | ३१.२ | जनकल्याण मा.वि.भवन निर्माण | २३८९५ |
| ३७ | २०७९/८० | २६ | आन्तरिक लेखापरीक्षण | ८६१३१८ |
| ३८ | २०७८/७९ | १४ | आर्थिक सहायता | ९४७६२५ |
| ३९ | २०७८/७९ | २२ | आन्तरिक लेखापरीक्षण | ४८२००८१ |
| ४० | २०७४/ ७५ | ३३ | हुमिन लिफ्ट खानेपानी तथा सरसफाई उपभोक्ता समितिको कार्यसम्पन्न प्रतिवेदन पेश तथा सरकारी हानी नोक्सानी नभएकोले नियमित | २४०००० |
| ४१ | २०७४/७५ | ४० | जनहित मा वि का शिक्षकको बढी तलब भुक्तानी रकम दाखिला | १६२६५ |
| ४२ | २०७४/७५ | ४०.१ | रम्भा मा वि का शिक्षकको बढी निकासा तलब दाखिला | २१५२२ |
| ४३ | २०७४/७५ | ४९ | गाउँपालिकाको योजना व्यवस्थापन खर्च दाखिला | ११००७७ |
| ४४ | २०७४/७५ | ४९.३ | समाचार प्रसारण वापतको प्रोत्साहन भत्ता | ९००० |
| ४५ | २०७५/ ७६ | १३.३.३ | सेजु गाउँ कापुन डाँडा खेतको मोबिलाईजेशन पेश्की रकम असुल | ३७८४४7 |
| | | २२.७ | जनहित भगवति मा वि का शिक्षकको बढी भुक्तानी रकम दाखिला | १२००० |

| | | | | |
|---|---|---|---|---|
| ४६ | २०७५/७६ | | | |
| ४६ | २०७६/ ७७ | ४० | कोभिड विशेष कृषि कार्यक्रम अन्तर्गतको बाँकी रकम दाखिला | १९७०० |
| ४८ | २०७६/७७ | ४७ | रोजगार संयोजकको मासिक महंगी भत्ता दाखिला | २४००० |
| ४९ | २०७६/७७ | ४९ | ओमभन्ज्याङ सुरुम डाँडा पिपदी मस्लाङ वेरादी स्वलर्क पन्टार मोटरबाटो निर्माणमा बढी भुक्तानी दाखिला | २४४२४९६ |
| | | | **जम्मा** | **५४६१४२०१** |

**लेखापरीक्षण बक्यौताको विवरण**

| कार्यालय कोड | कार्यालयको नाम |
|---|---|
| विगतको लेखापरीक्षण वक्यौता नरहेको। | रम्भा गाउँपालिका, पाल्पा |

# (८०५५०५०६३०० - रम्भा गाउँपालिका, पाल्पा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा, ९४.१२ वर्ग किलोमिटर क्षेत्रफल तथा १९४८७ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।८।१४ देखि २०८१ ।८। १८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १ अर्ब ४ करोड १ लाख ७१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५२३७५।-असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम |
|---|---|---|
| १ | सामाजिक सुरक्षा | १२१२५ |
| २ | छात्रवृत्ति रकम | १४००० |
| ३ | पि.सि.एफ. मा दोहोरो अनुदान परेको फिर्ता | ८८५० |
| ४ | लघु उद्यम लागत सहभागिता | १७४०० |
| | जम्मा | **५२३७५** |

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणालीबाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक एकिकृत प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | |
|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ७,५१,८५,२७३.१८ | ७,५१,८५,२७३.१८ | ७,२९,६१,२३५.९६ | ७,२९,६१,२३५.९६ |
| १३००० | अनुदान | ३१,८७,४९,१९३.०२ | ३१,८७,४९,१९३.०२ | ३५,२२,४६,१६८.९५ | ३५,२२,४६,१६८.९५ |
| १४००० | अन्यराजस्व | ५२,४०,७८२.४० | ५२,४०,७८२.४० | ५०,४४,०९५.३४ | ५०,४४,०९५.३४ |
| १५००० | विविधप्राप्ति | १०,१६,६३३.५६ | १०,१६,६३३.५६ | ७,४६,१२७.५७ | ७,४६,१२७.५७ |
| क | **कुलजम्मा प्राप्ति** | ४०,०१,९१,८८२.१६ | ४०,०१,९१,८८२.१६ | ४३,०९,९७,६२७.८२ | ४३,०९,९७,६२७.८२ |
| ३ | चालु | २८,०९,००,३३३.४३ | २८,०९,००,३३३.४३ | २९,५८,८१,४३०.५१ | २९,५८,८१,४३०.५१ |
| २१००० | पारिश्रमिक / सुविधा | २,२२,६०,२४६.१६ | २,२२,६०,२४६.१६ | १८,३८,५३,३६६.११ | १८,३८,५३,३६६.११ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | ४,५३,९०,४२८.२५ | ४,५३,९०,४२८.२५ | १०,५८,२८,०२०.४० | १०,५८,२८,०२०.४० |
| २५००० | सहायता (Subsidy) | १,२८,८५,२२२.०० | १,२८,८५,२२२.०० | ० | ० |
| २६००० | अनुदान | १९,२६,४७,५०८.०२ | १९,२६,४७,५०८.०२ | ० | ० |
| २७००० | सामाजिकसुरक्षा | ६५,६९,६७९.०० | ६५,६९,६७९.०० | ३९,४०,४७९.०० | ३९,४०,४७९.०० |
| २८००० | अन्यखर्च | ११,४७,२५०.०० | ११,४७,२५०.०० | २२,५९,५६५.०० | २२,५९,५६५.०० |
| ४ | पूंजीगत | ११,१२,९५,३८१.०० | ११,१२,९५,३८१.०० | १२,७०,७९,१४८.०० | १२,७०,७९,१४८.०० |
| ३१११० | भवनतथा संरचना | २,१७,७८,३७९.०० | २,१७,७८,३७९.०० | ३,५१,७०,१६०.०० | ३,५१,७०,१६०.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३८,४९,०७७.०० | ३८,४९,०७७.०० | ४०,९७,४११.०० | ४०,९७,४११.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | ४,१८,८०६.०० | ४,१८,८०६.०० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | ८,३४,७४,७५४.०० | ८,३४,७४,७५४.०० | ८,२८,४२,००४.०० | ८,२८,४२,००४.०० |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ० | ० | ४,९९,५१५.०० | ४,९९,५१५.०० |
| ३११७० | पूँजीगतसुधार खर्च | १७,७४,३६५.०० | १७,७४,३६५.०० | ४४,७०,०५८.०० | ४४,७०,०५८.०० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३९,२१,९५,७१४.४३ | ३९,२१,९५,७१४.४३ | ४२,२९,६०,५७८.५१ | ४२,२९,६०,५७८.५१ |
| ग) | **बचत /कमी (ग = क-ख )** | ७९,९६,१६७.७३ | ७९,९६,१६७.७३ | ८०,३७,०४९.३१ | ८०,३७,०४९.३१ |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (५५,३८,४६५.३२) | (५५,३८,४६५.३२) | १,२४,५४,६१४.४३ | १,२४,५४,६१४.४३ |
| घ.१) | **कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी** | | | | |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात** | २४,५७,७०२.४१ | २४,५७,७०२.४१ | २,०४,९१,६६३.७४ | २,०४,९१,६६३.७४ |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ५,८३,५३,८४८.२३ | ५,८३,५३,८४८.२३ | ३,७८,६२,१८४.४९ | ३,७८,६२,१८४.४९ |
| छ) | **विनिमयनाफा/घाटा तथा अन्य समायोजन** | | | | |
| ज) | **आ.व.अन्तको बाँकी** | ६,०८,११,५५०.६४ | ६,०८,११,५५०.६४ | ५,८३,५३,८४८.२३ | ५,८३,५३,८४८.२३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | **नगद तथा बैंक मौज्दात** | | | | |

संघिय सरकार र प्रदेश सरकार तर्फको **C-GAS** मार्फत आम्दानी र खर्चको आय व्यय विवरण निम्नानुसार रहेको छ

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | विवरण | रकम | | विवरण | रकम |
| १ | सामाजिक सुरक्षा भत्ता वितरण | ११५४९०८५१ | १ | सामाजिक सुरक्षा भत्ता वितरण | ११५४९०८५१ |
| २ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २१९४२२७ | २ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | २१९४२२७ |
| **जम्मा** | | **११७६८५०७८** | | **जम्मा** | **११७६८५०७८** |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय विवरणको यथार्थता :**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। स्थानीय तहको वित्तीय विवरण स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। तर पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.११५४९०८५१।- र पर्यटन पूर्वाधार विकास कार्यक्रमको रु.२१९४२२७।- समेत गरी रु. ११७६८५०५८।- एकीकृत वार्षिक प्रतिवेदनमा समावेस गरेको छैन। तसर्थ पालिकामा हुने सवै आर्थिक कारोबार वित्तीय विवरणमा समावेश हुने व्यवस्था गर्नुपर्दछ।

४ **बजेट सीमा निर्धारण समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५ **आय अनुमान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१२००००००।-प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु.९६६८०००।-अर्थात अनुमान भन्दा १९.४३ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । यस कार्यालयले पछिल्लो दुई आर्थिक वर्षमा असूल गरेको राजश्वको स्थिति निम्न अनुसार रहेको अभिलेख दिएको छ । यसरि पछिल्ला बर्षहरूमा राजश्वमा बृद्धि भएको पालिकाले जनाएको छ। कवाडी शुल्क, नक्सापास दस्तुर ,मनोरञ्जन शुल्क असूल हुने गरेको नदेखिएको। राजश्वको क्षेत्र तथा दायरा फराकिलो र अनुमानयोग्य बनाउनुपर्ने देखिन्छ ।

| क्र स | संकेत नं. | राजस्व शीर्षक | आ.व. ०७९/८० राजस्व संकलन | आ.व.०८०/८१ राजस्व संकलन | बढी/घटी रकम |
|---|---|---|---|---|---|
| १ | ११९३१ | सम्पती कर | ४२४३३३.३ | ३४६२७७ | -७८०५६.३ |
| २ | ११३१४ | भुमिकर/मालपोत | ७८९७४७.७ | ९४०२६४. | १५०५१६.७ |
| ३ | ११३१७ | वहाल कर | २९४५९३ | १६०६६६४.२ | १३१२०७१ |
| ४ | ११३१८ | वहाल विटौरी कर | ११५४०९८ | १०५७३१०.६ | -९६७८७.४ |
| ५ | ११४५१ | सवारी साधन कर (साना सवारी) | ० | ० | ० |
| ६ | ११४७९ | अन्य मनोरञ्जन कर | ० | ० | ० |
| ७ | ११६३१ | कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कर | ० | ० | ० |
| ८ | ११६९१ | अन्य कर | | ५३५२० | ५३५२० |
| ९ | १४१९१ | पर्यटन शुल्क | ० | ० | ० |
| १० | १४२११ | कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ० | १३२५० | १३२५० |
| ११ | १४२१२ | सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम | ० | ० | ० |
| १२ | १४२१३ | अन्य बिक्री बाट प्राप्त रकम | ३१७०५० | ४००० | -३१३०५० |
| १३ | १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ९०० | ९०० |
| १४ | १४२२१ | न्यायिक दस्तूर | ० | १८०० | १८०० |
| १५ | १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ० | ० |
| १६ | १४२२४ | परीक्षा शुल्क | १६१०० | ६०८३९ | ४४७३९ |
| १७ | १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | ० | ९४४६३८ | ९४४६३८ |
| १८ | १४२४१ | पार्किङ्ग शुल्क | ० | ० | ० |
| १९ | १४२४२ | नक्सापास दस्तुर | २००६० | २४९४३ | ४८८३ |
| २० | १४२४३ | सिफारिश दस्तुर | १३७६१२० | ६०६४२२.६८ | -७६९६९७ |
| २१ | १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | २६६७०० | २५०६५० | -१६०५० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | १४२४५ | नाता प्रमाणित दस्तुर | ० | ९७७५० | ९७७५० |
| २३ | १४२४९ | अन्य दस्तुर | ३५५५६३ | ५९७७१५ | २४२१५२ |
| २४ | १४२५३ | व्यावसाय रजिष्ट्रेशन दस्तुर | २४१५५० | ३०७२६० | ६५७१० |
| २५ | १४२६५ | अन्य क्षेत्रको आय | ० | २६५० | २६५० |
| २६ | १४३११ | न्यायिक दण्ड,जरिवाना र जफत | ० | २०००० | २०००० |
| २७ | १४३१२ | प्रशासनिक दण्ड,जरिवाना र जफत | ४८०३० | ० | -४८०३० |
| २८ | १४५२९ | अन्य राजस्व | ० | २२०० | २२०० |
| २९ | १४६११ | व्यवसाय कर | ० | ८०००० | ८०००० |
| ३० | १५१११ | बेरूजू | ७४६१२७ | १०१६६३३.६ | २७०५०६.६ |
| ३१ | १४३१३ | धरौटी सदर स्याहा | ० | १२४०९ | १२४०९ |
| ३२ | ३३३६६ | दहत्तर बहत्तर | १७४११५ | १६१९२५० | - १२१९०५ |
| **जम्मा** | | | **७७९१२२७** | **९६६७३४६.३८** | **१८७६१२०** |

यसरि माथि उल्लेखित तथ्याङ्कको आधारमा आ.ब.२०७९।८० मा भन्दा २०८०।८१ मा रु.१८७६११९।-राजस्व बृद्धि भएको देखिएता पनि आन्तरिक स्रोत कमि भएको हुँदा राजश्वको नयाँ क्षेत्र पहिचान गरि आन्तरिक स्रोतलाई बढाउनु पर्ने देखिन्छ । राजस्व अनुमानलाई यथार्थपरक बनाउँदै करको दायरामा विस्तार गर्नुपर्ने देखिन्छ ।

६ **खर्च बिश्लेषण :**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु. ९६६८०००।-राजस्व बाँडफाँड र अनुदानबाट रु. ३९१५५५४३६।-समेत रु. ४०१२२३४३६।-आम्दानी भएकोमा चालु तर्फ रु.२८०९००३३३।-र पूँजिगत तर्फ रु.१११२९५३८१।-समेत रु. ३९२१९५७१४।-खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.४६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.६३१७६९०।-खर्च भएको छ जुन आन्तरिक आयको ६५.३४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६४.४९ प्रतिशत चालु र ९.२४ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **योजनाको प्राथमिकीरण :**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल २१९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाख माथिका योजना सङ्ख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाख भन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | ९८ | १५ | १५ | ६८ |
| २. | वडा स्तरीय | १२१ | ० | ३ | ११८ |

उपर्युक्त विवरण अनुसार पालिकाले साना योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनाका साथै चालु प्रकृतिक खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २०५ योजनामात्र कार्यान्वियन भई १४ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले प्रतिफलमुखि र रोजगारी सृजना गर्ने खालका ठूला योजनाहरु पनि कार्यान्वियन गर्नुपर्दछ।

८ **केन्द्रीय अनुदान र आन्तरिक आय तुलना :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २१३६८०००० | ९६६८००० | ४.५२ |

९ **क्षेत्रगत बजेट र खर्चको स्थिति :**

क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३५१८८००० | २०५३४६२० | ५८.३६ |
| २ | पूर्वाधार विकास | ९२०४०००० | ६९३०२९८५ | ७५.३ |
| ३ | सामाजिक विकास | २७७०५९०० | २३२२२२३६१ | ८३.८२ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १३१४०००० | १०३८२०६५ | ७९.०१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८२६९१२१२ | ५९७५३६८३ | ७२.२६ |
| **जम्मा** | | **५००११८२१२** | **३८२१९५७३४** | **७८.४२** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ८३.८२ प्रतिशत र कार्यालय सञ्चालन क्षेत्र मा सबै भन्दा घटीमा ७२.२६ प्रतिशत रहेको छ । पालिकाले प्रभावकारी रुपमा स्रोतको परिचालन गरि पूर्वाधार विकासमा जोड दिनु पर्ने देखिन्छ ।

१० **प्रगती :**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | | |
|---|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति | ७५ भन्दा माथि |
| कार्यक्रम संख्या | ३४१ | १२ | ३ | ५ | २० | ३०१ |

शुन्य प्रगति र कम प्रगति भएका योजनाहरुमा स्रोत अभाव,निर्माण व्यावसायि बाट भएको ढिलाई,जग्गा विवाद लागायतको कारण देखाईएतापनि कार्यान्वयन पक्ष प्रभावकारी बनाई सन्तोषजनक प्रगति हासिल गर्नुपर्दछ । साथै वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ

### ११ गत विगतको भुक्तानी :

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी रु.९०००००।-भुक्तानी दिएको छ। ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

### १२ योजना तथा वजेट कार्यान्वयन :

यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु.१० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.११ करोड १२ लाखको खरिद गुरुयोजना बेगर गरेको छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट ११ योजनामा रु.२० लाख ९५ हजार मिति २०८०।९।२६ मा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ०.४३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन। कार्यक्रम, वजेट तर्जुमा र कार्यान्वियनलाई व्यवस्थित गरी रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

### १३ चौमासिक खर्च :

कार्यालयको लागि स्विकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रत्येक चौमासिकमा खर्च गर्ने वजेटको अनुमान गरिएको र सोही बमोजिम खर्च गर्नुपर्नेमा कार्यालयले कुल खर्चको तुलनामा प्रथम चौमासिकमा ४.२६ प्रतिशत र दोस्रो चौमासिकमा १२.८० प्रतिशत, तेस्रो चौमासिकमा ८३.०१ प्रतिशत खर्च गरेको देखिन्छ । कुल खर्चको तुलनामा आषाढ महिनामा मात्र ४३.९ प्रतिशत खर्च गरेको छ । पालिकाले पूँजिगत शिर्षकमा चौमासिक खर्च निम्नानुसार रहेको पेश गरेको छ।

| क्र.स | शिर्षक | कुल खर्च | चौमासिक खर्च | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिनाको खर्च |
| १ | पूँजिगत खर्चतर्फ | १११२९५३८१ | ४७४९४८८ | १४२५४५७० | ९२२९१३२३ | ४८९४२३१९ |
| २ | प्रतिशत | ७०.९९ | ४.२६ | १२.८० | ८३.०१ | ४३.९ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेस्रो चौमासिकमा ८३.०१ प्रतिशत तथा आषाण महिनामा ४३.९ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने, अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले चौमासिक लक्ष्य अनुसार खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

१४ **आर्थिक सहायता :**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। तर पालिकाले यो वर्ष मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न संघसंस्था र व्यक्तिहरुलाई उपचार तथा यातायात तथा बाढीपहिरोको लागि रु. ८२७५००।-आर्थिक सहायता वितरण गरेको छ। वितरित सहायताको औचित्य पुष्ट्याई गरेको छैन। निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ।

१५ **आन्तरिक नियन्त्रण प्रणाली :**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(७) वमोजिम सरोकारवाला सहितको सार्वजनिक सामाजिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु गरेको मिति, लागत अनुमान, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.१६ लाख ९६ हजार खर्च लेखेकोमा भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.११ लाख ५३ हजार खर्च गरेको छ। खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई सुद्धड वनाउनु पर्ने देखिन्छ ।

१६ **तलवी प्रतिवेदन :**

लुम्बिनी प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४७ को उप दफा ४ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | कार्यालयले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई ३५ कर्मचारीको रु.३१६३४०००।-तलव खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब तथा ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१७ **जिन्सी निरीक्षण :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सो को निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

१८ **सहकारी नियमन :**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकाकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १८ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS)मा विवरण दाखिला गरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ **कानून र सञ्चालन स्थिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ७ वटा नियमावली, ५७ कार्यविधि १० निर्देशिका र मापदण्ड गरि ८३ वटा कानुन निर्माण गरि राजपत्रमा प्रकाशन गरेको अभिलेखबाट देखिएता पनि कुल १० वटा कानुनहरु कार्यान्वियन नभएको पालिकाले जनाएको छ । तसर्थ आवश्यकताको आधारमा निर्माण भएका कानूनहरू कार्यान्वियन तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

२० **न्यायिक समिति :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ वटा रहेको र यो वर्ष ७ विवाद दर्ता भएकोमा फर्स्यौट भई ६ विवाद बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गर्दै न्याय सम्पादनलाई अझै प्रभावकारि बनाउनु पर्दछ ।

२१ **न्यानो झोला कार्यक्रम :**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ-१५९) मा प्रसुति संख्याको अनुमान गरी स्वास्थ्यसंस्थाहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार न्यानोझोला खरिद गरी गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका ५ बर्थिङ सेन्टरमा गत वर्ष १५० थानको रु.१३५०००।-खरिद गरेकोमा गत वर्ष ५१ जना र यस वर्ष २५ जना र गरी ७६ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा ७४ थान न्यानो झोला मौज्दातमा रहेका छन् । जुन सङ्ख्या दुई वर्षको प्रसुति दरका आधारमा बढी रहेको देखिन्छ । साथै खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ आवश्यकताको विश्लेषण गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

२२ **खर्च वृद्धि :**

तपसिलका चालु प्रकृतिका काम/ खर्च शिर्षकहरुमा गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षमा खर्च रकम वृद्धि भएको देखिन्छ । कार्यालयले कर्मचारी संख्यामा बृद्धि, सेवामा विस्तार बैठक,अतिथि आगमनमा बृद्धि, सवारी भाडा खर्चमा बृद्धि भएका कारणले यस्ता खर्चमा वृद्धि भएको जानकारी दिएको छ ।

| सि.नं. | खर्च शिर्षक | २०७९।८० को खर्च | २०८०।८१ को खर्च | वृद्धि/घटिको कारण |
|---|---|---|---|---|
| १ | करारका कर्मचारीको खर्च | ९१२९००० | ९१८४००० | कर्मचारी संख्यामा बृद्धि/ सेवामा विस्तार |
| २ | वैंठक भत्ता | ९५४००० | ७९१००० | कार्यक्रमहरुमा कमि/ उपस्थिति संख्या कमि |
| ३ | जलपान | १०७४००० | ११५३००० | बैठक/अतिथि आगमनमा बृद्धि |
| ४ | इन्धन | १५१४००० | १४३०००० | सवारी भाडामा लिएकोले खर्च कम भएको |
| ५ | मसलन्द | १८५४००० | १४८२००० | खर्च मितव्ययीता |
| **जम्मा** | | **१४५२५०००** | **१४०४००००** | |

पालिकाले यस्ता खर्चलाई नियन्त्रणमा राखी मितव्ययीता अपनाउदै सुशासन सेवा प्रवाह र विकास निर्माण तर्फ जोड दिनुपर्दछ ।

२३ **भरपाई नभएको :**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५२,४७०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२४ **कमर्चारी कल्याण कोष :**

पालिकाले रम्भा गाउँपालिका कर्मचारी कल्याण कोष सञ्चालन कार्यविधि, २०८० तर्जुमा गरी कल्याण कोष सम्बन्धमा व्यवस्था गरेको छ। कार्यविधिको परिच्छेद ३(२) मा पालिकाको कार्यालयले कार्यालय र वडा कार्यालयमा कार्यरत अस्थाई/करार सेवामा कार्यरत कर्मचारीहरुका लागि रम्भा गाउँपालिका कर्मचारी कल्याण कोष नामको कोष खाता खोली स्थापना गरिने तथा अस्थाई/करार सेवामा कार्यरत कर्मचारीहरुका लागि प्रत्येक आर्थिक वर्षमा रकम छुट्टयाउनु पर्ने छ । तर पालिकाले त्यस्तो कुनै पनि रकम छुट्टयाएको नदेखिएको तथा रकम कट्टी गरेको पनि पालिकाबाट देखिएन। पालिकाले ६५७।२०८१।२३ बाट कृष्ण बहादुर पौडेल क्षेत्रीको नाममा रु.१०९२०३५।– भुक्तानी पाईएकोले कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्ने देखिन्छ।

२५ **परामर्शदातालाई भुक्तानीः**

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१२८,४८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| प्रमाण पेश नगरेको | ० |
|---|---|

२६ **लोरेङ्ग ज्यामिरेघाट ट्रसपुलः**

झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रम अन्तर्गतको रकम खर्च गर्दा सम्झौता अनुसार पालिकाबाट ३०% र कार्यक्रमबाट ७०% खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस बर्ष लोरेङ्ग ज्यामिरेघाट ट्रसपुल निर्माणको लागि उपभोक्ता समितिलाई गो.भौ.१४।०८१।२।२० बाट रु.९२०५०९।-, गो.भौ.१५।०८१।२।२० बाट रु.१९४२३८। ( परामर्शदातालाई), गो.भौ.१३।०८१।२।१८ बाट रु.१४१५४०७।– (स्टिल पार्टस खरीद) भुक्तानी तथा गो.भौ.३०।०८०।३।२१ बाट रु.३९११६४।–भुक्तानी समेत गरी जम्मा रु.२९२१३१८।-खर्च लेखेकोमा झोलुङ्गे पुल क्षेत्रगत सुधार कार्यक्रमबाट रु.२५४१५४६।६६ र वाँकि रु.३७९७७१।३४।–पालिकाको स्रोतबाट खर्च लेख्नुपर्ने देखिन्छ । तर पालिकाले आफ्नो स्रोतबाट खर्च नलेखि शत प्रतिशत रकम संघिय वजेटबाट नै खर्च गरेको पाईएकोले पालिकाको कम योगदान भएको रकम रु.३७९७७१।३४।-संघिय संचितकोष खातामा फिर्ता पठाउनुपर्ने देखिएको, रु.

| प्रमाण पेश नगरेको | ३,७९,७७२ |
|---|---|

२७ **वडा नं-५ को कार्यालय भवन निर्माणः**

२७.१ पालिकाले यसबर्ष वडा नं-५ को कार्यालय भवन निर्माणको लागि रु.४३४४६१०।५० को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले सो कार्यको लागि आ.ब.२०७९।०८० मा प्लेन्थ विम र पिल्लरसम्मको कार्य उपभोक्ता समितिसँग गराएकोमा यसबर्ष पुनः १०.२३% उपभोक्ता समितिको योगदान रहने तथा २०८१।३।१५ सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।८।२८ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन ।

२७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले वडा नं-५ को कार्यालय भवन निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराउने गरी सम्झौता गरेकोमा यसबर्ष भूईतल्लाको पुरै कार्य तथा स्टेयर कभरसम्मको कार्य गरेको जनाई गो.भौ.२१३। ०८१।३।२३ बाट रु.३८९०६७२।-भुक्तानी गरेको छ । सो भवन निर्माण कार्यमा आ.ब.२०७९।०८० मा समेत रु.२१२०८२४।३७ को कार्य भएको पाईएकोमा गत बर्षको नापि किताव परीक्षण गर्दा प्लिन्थ लेवलको RCC को कार्य गर्दा लम्वाई १४.४ मी. तथा चौडाई ९.७ मी. रहेकोमा यसबर्ष सोको लागत अनुमान तयार गर्दा १३.१५मी. लम्वाई मात्रको तयार गरेको तथा सोहि अनुसारको नापि किताब तयार गरेको छ । उपभोक्ता समितिको आफ्नै प्राविधिक ज्ञान सिप नहुने तथा लागत अनुमान समेत संरचना अनुसारको नबनाई गरेको पाईएकोले पालिकाले नियमानुसारको प्रकृयाबाट कार्य गर्ने गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२७.३ सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत वडा कार्यालय भवनको निर्माण कार्य गराउँदा भवन विभागबाट जारी गरीएको नर्म्सको पालना गरी निर्माण तथा खर्च गर्नुपर्ने देखिन्छ । सो निर्माण कार्यको लागि नर्म्स अनुसार ६५८ बोरा सिमेण्ट आवश्यक हुनेमा ११४३ बोरा खरीद गरेको पाईएको र सोहि अनुसारको भुक्तानी समेत भएको छ। यसरी नर्म्स अनुसार आवश्यक हुने भन्दा ४८५ बोरा बढी सिमेण्टको प्रति ईकाई खरीद दर रु.४२३।–ले हुने रु.२०५५३५।-बढी भुक्तानी गरेको छ । पालिकाले नियमानुसारको विल भरपाईको आधारमा भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ ।

२८ **सौर्य बत्ती जडानः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायबाट गरीने खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। पालिकालाई संघ सशर्त कार्यक्रम अन्तर्गत नविकरणिय उर्जा प्रविधि जडानका लागि रु.८ लाख बजेटको विनियोजन भएको पाईयो । पालिकाले वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्रको सन्दर्भ मूल्य तथा टेक्निकल स्ट्याण्डर्ड र स्पेशिफिकेसनको आधार लिई लागत अनुमान तयार गरी लागत अनुमान तयार गरी खरीद गर्नुपर्नेमा रु.७९९९९६।१२ को लागत अनुमान तयार गरी दरभाउपत्र माग गरेको र सो मध्ये कम कबोल जनाई हर्ज ईन्जिनियरीङ्ग प्रा.लि.बाट खरीद गरी गो.भौ.२२।०८१।३।१८ बाट रु.७७८८४६।-भुक्तानी गरेको छ । तर पालिकाले खरीद गरेको सो फर्मको कारोवारको ईजाजतमा वैकल्पिक उर्जा तथा सोलारको समेत रहेको देखिएन । यसरी लागत अनुमान तयार नगरी खरीद गर्दा खरीदमा प्रतिशपर्धा नभई मितव्ययी नहुने तथा फर्मको कारोवारको ईजाजत नै नभएको फर्मबाट कारोबार गर्दा सौर्य बत्ती तथा पार्टसको वारेन्टी समेत नहुने देखिएकोले यस्तो खर्च रकम नियमसम्मत नदेखिएको, रु.

| अनियमित भएको | ७,७८,८४६ |
|---|---|

२९ **बेरुजु लगतः**

पालिकाले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । निम्नानुसार बेरुजु लगतका लागि स्वीकृत भएका म.ले.प फारामको व्यवस्था गरेको पाईएन ।

- म. ले. प. फाराम, ८०१ बेरुजु लगत नराखेको,

• म.ले. प. फाराम ८०२, बेरुजुको कार्यालयगत प्रतिवेदन तयार नगरेको,

• म. ले. प. फाराम ८०५, सम्परीक्षण गोश्वारा अभिलेख नराखेको,

अतः स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

## ३० **प्राकृतिक स्रोत संकलन तथा बिक्रि**

३०.१ लुम्बिनी प्रदेशको सरकारको आर्थकि ऐन, २०८० को दफा ८ मा प्राकृतिक स्रोत संकलन तथा बिक्रि शुल्क सम्बन्धी व्यवस्था गरेको र सो दफा अनुसार अनुसुची -६ व्यवस्था भए अनुसारको दरमा संकलन गर्नु पर्ने व्यवस्था रहेकोमा अनुसुची -६ मा पहाडी क्षेत्रको लागी ढुंगा गिट्टि बालुवा संकलन गर्न प्रति घन फिट रु ६ तोकिएको छ । यस पालिकाको क्षेत्राधिकारमा कालिगण्डकी क्षेत्रमा रहेका ४ घाट र अन्य १ गरि कुल ५ घाट बाट कुल २९७०० क्यु.मि परिमाण उत्खन्न गरि रु.६२९३०७३।-(VATबाहेक) राजस्व उत्खन्न गर्न सकिने गरि IEE ले सिफारिस गरेको छ । ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न गर्दा स्रोतको दोहन हुने र वातावरणीय रुपमा प्रतिकुल प्रभाव हुने भनि परेको रिट निवेदनको कारण सर्वोच्च अदालतले विगत देखिनै रोक लगाएको पाइयो । कार्यपालिकाले मिति २०८०।८।४ मा यस क्षेत्रका विभिन्न घाटबाट अमानतबाट ढुङ्गा, गिट्टि, बालुवा उत्खन्न र बिक्रि गर्ने गरि निर्णय भएको देखिन्छ । सो सम्बन्धि अन्य व्यहोरा देहाय बमोजिम पाईयो :

३०.२ • कार्ययोजना बनाउने, अनुमति दिने, घाटगद्दी व्यवस्थापन गर्ने र प्रभावकारी अनुगमन गर्नुपर्ने उल्लेख गरिएकोमा पालिकाले सो अनुसार गरेको पाईएन ।

• नदिजन्य पदार्थ उत्खन्नका लागि पट्के प्रवेश आदेश लिनुपर्नेमा लिएको देखिएन ।

• दैनिक खरिद विक्री तथा उतख्नन अभिलेख समेत राखेको पाईएन ।

• पालिकाबाट प्रमाणित नगदी रसिद ठेली प्रयोग गर्न ठेकेदारलाई दिईएकोमा सोको अभिलेख नराखेको ।

• रसिदको प्रयोग तथा ठेली मौजदात तथा सोबाट के कति विक्री गरी राजश्व उठेको सम्बन्धमा विवरण पेश नगरेकोले यथार्थमा उत्खन्न तथा विक्री भएको परिमाण सम्बन्धमा विश्वस्त हुन सकिएन।

• कतिपय रसिदहरु केरिएको तथा च्यातिएको पाईयो ।

• चेक्लिस्ट तयार गरि सो बमोजिम अनुगमन समितिबाट अनुगमन हुनु पर्नेमा अनुगमन समेत गरेको पाईएन ।

तसर्थ पालिकाले यस सम्बन्धमा नदि जन्य पदार्थ उत्खन्न तथा विक्री सम्बन्धि कानुनी प्रावधान तथा व्यवस्थाको पालना गरी नदी जन्य पदार्थ उत्खन्न, विक्री तथा संरक्षण सम्बन्धमा जिम्मेवार भई ध्यान दिनुपर्ने देखिन्छ ।

## ३१ **जनकल्याण मा.वि.भवन निर्माण**

३१.१ पालिकालाई यस बर्ष संघिय वजेट अन्तर्गत जनकल्याण मा.वि.भवन निर्माणको लागि रु.६००००००।–वजेट व्यवस्था भई निकासा भएको पाईयो । पालिकाले विद्यालयको स्विकृत DPR अनुसारको लागत अनुमान मध्ये यस बर्षको बजेटबाट गत बर्ष निर्माण भएको १६ कोठे भवनको ग्रील, झ्यालको पल्ला, शौचालय (युरीनल), ईलेक्टिकल वाईरीङ्ग,पेन्टिङ्ग रेलिङ्ग तथा १२ कोठे भवनको ३ तल्लाको शौचालय (युरीनल तथा २ वटा प्यानल), निर्माण गर्ने र २ तल्लाको दुई कोठे नयाँ भवन निर्माणको लागि (अढाई तल्लाको) रु.९०४३६०४।२५ को लागत अनुमान तयार गरी २०८०।६।१९ मा वोलपत्र सूचना आव्हान गरेको पाईयो । मूल्याङ्कन समितिले सवैभन्दा कम कवोल रु.५५३११३४।६५ कवोल गर्ने फर्म पञ्चपुत्र कंन्स्ट्रक्सनको ईजाजत लाईसेन्स नविकरण नभएको जनाई अयोग्य घोषित गरेकोमा पालिकाले दोस्रो कम कवोल रु.६९३६००७।०१ गर्ने फर्म पस्मा कन्स्ट्रक्सनको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग मा २०८१।१।३० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।९।४ मा सम्झौता भएकोमा देखिएको विवरण निम्नानुसार छन ।

३१.२

..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२३,८९५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

३१.३ निर्माण व्यवसायीले पेश गरे अनुसार यस बर्ष प्रथम विल गो.भौ.४।०८०।१२।३० बाट रु.१६११४०३।–र दोस्रो विल गो.भौ.२९।०८१।३।२४ बाट रु.४१५९३४७।–गरी जम्मा रु.५७७०७५०।-खर्च गरेको छ । विविध कारणवश समयमा कार्य गर्न नसकेको जनाई निर्माण व्यवसायीले २०८१।१।९ मा म्याद थपको निवेदन दिएकोमा पालिकाले २०८१।५।१५ सम्मको म्याद थप गरेकोमा लेखापरीक्षण अवधी २०८१।८।१५ सम्ममा कार्यसम्पन्न नगरेको तथा म्याद थपको निवेदन समेत पेश हुन नआएको अवस्था छ । पालिकाले हर्जना सहित वाँकि कार्य रु.१०८५१८५।६३ को कार्यसम्पन्न गराउने तर्फ तदारूकता देखाउनुपर्ने देखिन्छ ।

३२ **खरिद कारवाही अभिलेख :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नुपर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, लागत अनुमान, उपभोक्ता समितिको गठन सम्बन्धि कागजात, योजना सम्झौता, बैठकको माइन्यूट, मूल्यांकन प्रतिवेदन, लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सो सँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्धरुपमा राख्नुपर्ने व्यवस्था छ। कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राखेकोले लेखापरीक्षणमा कठिनाई भएको अवस्था छ। नियमावलीले तोकेअनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ।

३३ **ठेक्का अभिलेख :**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

३४ **स्टिल पार्टस खरीदः**

३४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ भने नियम ८५(१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटक भन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले खोलाखेत रातमाटा ट्रसपुलको लागि रु.१६९४८८७।५५ तथा लोरेङ्ग ज्यामिरेघाट ट्रसपुल निर्माणको लागि रु.१७०४९१७।६४ को स्टिल पार्टस आवश्यकपर्ने गरी लागत अनुमान रु.३३९९८०५।१९ को तयार गरेकोमा सो खरीदको लागि वोलपत्रको माध्यमबाट खरीद प्रकृया अपनाउनुपर्ने देखिन्छ । तर पालिकाले छुट्टा छुट्टै शिलवन्दि दरभाउपत्रको माध्यमबाट सम्झौता गरी खरीद गरी खोलाखेत रातमाटा ट्रसपुलको लागि रु.१२८९८८५।०५ तथा लोरेङ्ग ज्यामिरेघाट ट्रसपुलको लागि रु.१४१५४०७।५८ गरी जम्मा रु.२७०५२९२।०५ मा जुनकिरी ईन्जिनियरीङ्ग प्रा.ली.बाट खरीद गरेको छ । पालिकाले नियमानुसार प्याकेज बनाई खरीद गर्नुपर्ने देखिन्छ ।

३४.२

सार्वजनिक खरिद नियमावली¸ २०६४ को नियम १२३ मा खरिद सम्झौतामा सम्पन्न कार्य मापन गर्ने सूचकांक तोकिएकोमा त्यस्तो सूचकांक प्राप्त भएपछि र त्यस्तो सूचांक नतोकिएकोमा सम्पन्न भएको कार्यको आधारमा करारका शर्त वमोजिम रनिङ्ग विलको भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले उल्लेखित फर्मसँग देहाय अनुसारको सम्झौता गरी खरीद गरेकोमा फर्मले सम्वन्धीत निर्माणस्थलमा सामाग्री आपूर्ति गर्नुपर्नेमा सो सामान कहा आपूर्ति गरेको हो सो खुल्ने प्रमाण संलग्न छैन । जसले गर्दा सम्झौताको शर्त अनुसारको कार्य भएको सम्वन्धमा विश्वस्त हुन सकिएन । अतः सोको प्रमाण पेश हुने र ढिला आपूर्ति गरे नगरेको सम्वन्धमा यकिन गरी जरीवाना असूल हुनुपर्दछ ।

३४.३ पालिकाले सिलबन्दी दरभाउपत्र माग गर्दा फर्मले पेश गरेको प्रतवद्धतामा सामाग्री सम्झौताको मितिले २ महिना भित्रमा आपूर्ती गर्ने उल्लेख गरेको छ । तर पालिकाले सो दुवै योजनाको सामान आपूर्तिको लागि सम्झौता गर्दा ३ महिनाको समयसिमा राखि सम्झौता गरेको छ । आपूर्तकले समयमा नै सामाग्री आपूर्ती गर्ने प्रतवद्धता गरेकोमा सोहि अनुसारको सम्झौता गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

३५ **घ्याङ्गसिङ पोखरा रैयाफेदी मोटरबाटो :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७,१४१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

३६ **करार कर्मचारि:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था रहेको छ । तर पालिकाले विभिन्न पदमा ७४ जना कर्मचारी करारमा राखी निजहरुको तलब भत्ता बापत यस वर्ष रु.२४६९४५६७।-खर्च लेखेको छ । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ८३ (८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमामात्र करार वाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेक कम्प्यूटर अपरेटर १ जना, सामाजिक परिचालक ४ जना, कविराज १, सहायक पाँचौ अ.न.मि/अ.हे.ब ६ जना र ल्याव असिष्टेण्ट ४ जना लगायतका दरबन्दिभित्र नपरेका तथा स्रोतको सुनिश्चितता नभएका विभिन्न १६ जना कर्मचारी करारमा नियुक्ति गरी बर्ष भरीमा निजहरुको तलब भत्ता बापत रु.४३६७१९०।-भुक्तानी गरेको छ। त्यस्तै पालिकाले त्यसका अतिरिक्त कार्यालय तथा विभिन्न वडामा गरी ३७ जना कार्यालय सहयोगी समेत राखी थप खर्च गरेको पाइयो । यसरी वर्षभरी दरबन्दी भन्दा बढी तथा अनावश्यक कर्मचारी नियुक्त गरी निजहरुको तलब भत्तामा गरेको खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४३,६७,१९० |

३७ **नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वयन अनुदानः**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.१३ (९.५) मा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकिय योजना कार्यान्वियनको लागि शैक्षिक सुधार, छात्रावास व्यवस्थापन, शैक्षिक पूर्वाधार निर्माण र शैक्षिक सुशासनको लागि विद्यालयलाई प्रस्ताव पेश गर्न लगाई अनुदानको व्यवस्था उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत रम्भा मा.वि.सँग २०८०।९।१७ मा सम्झौता गरी यसबर्ष रु.२८२४९३६।-निकासा दिएको छ । तर विद्यालयले प्रस्ताव अनुसारको खर्चको विल भरपाई पेश गर्नुपर्नेमा अतिरीक्त कक्षा संचालन शिर्षकमा सम्झौता अनुसारको खर्च नभएकोमा पनि रु.२०००००।-भुक्तानी दिएको पाईएकोले बढी भुक्तानी रकम सम्वन्धित विद्यालयबाट असूल हुने, रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,००,००० |

३८ **वन पैदावार आय असूल नभएको :**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ -ख_ मा आफ्नो क्षेत्रभित्रको सामुदायीक वन उपभोक्ता समितिले वन पैदावर विक्री तथा उपयोग सम्वन्धी आफ्नो कार्ययोजना बनाई स्थानीय तहबाट स्वीकृत गराउनु पर्ने तथा वन पैदावरको विक्री वापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्वन्धित स्थानीयतहको संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालीकामा आफ्नो क्षेत्राधिकार भित्रको वन पैदावरको आम्दानी संचित कोषमा दाखिला भएको देखिएन। अतः पालीकाले आफ्नो क्षेत्राधिकार भित्रको सामुदायीक वन उपभोक्ता समितिले गरेको वन पैदावरको विक्रिको तथ्याङ्क डिभिजन वन कार्यालयबाट लिई वन पैदावरको विक्री वापत प्राप्त गरेको रकम यकिन गरी असूल गर्नेतर्फ पहल गर्नुपर्ने देखिन्छ ।

३९ **फरक दरमा सिमेण्टको प्रयोग :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । सार्वजनिक खरीद नियमावली¸ २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी विल भरपाईको आधारमा मात्रै भुक्तानी गरिने उल्लेख छ । पालिकाले उपभोक्ता समिति मार्फत निर्माण कार्य गराउँदा फिल्डमा सुपरभाइजर नराख्ने तथा आफैंले समेत पर्याप्त रेखदेख नगरी निर्माण गर्नुपरेको अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका विभिन्न उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा लागत अनुमानमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार विश्लेषण गरेकोमा उपभोक्ताले कम दरमा प्रयोग गरेको विलको आधारमा पनि कार्यसम्पन्न लागत अनुमान वरावर कै बनेको पाईएकोले उक्त सिमेन्टको दरमा देहाय अनुसारको फरक भएको छ । पालिकाले सो सम्वन्धमा ध्यान दिनुपर्दछ ।

| सि.नं | गो.भौ | उपभोक्ता समिति | कुल खर्च | नर्म्सअनुसार | खरिदरखपत | फरक रकम | जम्मा बढी |
|---|---|---|---|---|---|---|---|
| | | | | सिमेण्ट | सिमेण्ट | | |
| १ | ६।२०८०।१२।९ | पन्टार माझिगाउँ हिउंदे कुलो निर्माण | ८७५४५५ | १५६७८० | १३६६८० | २२७१३ | २०४४१ |
| २ | १३।२०८१।२।२४ | असेर्दि शहिदपार्क निर्माण | १०९०२०९ | ५८५०० | ५१००० | ८४७५ | ७६२७ |
| ३ | १६।२०८१।२।२३ | निम्तुङ खोला कर्नेडाँडा सिंचाई योजना | ८६९७७१ | १२२५०० | ९३४९० | ३२७८१ | २९५०२ |
| ४ | २६।२०८०।१०।१६ | हुगिघाट जाने मो.बा योजना | १४२९१८५ | ३१५९०० | २७५४०० | ४५७६५ | ४११८८ |
| ५ | १९५।२०८१।३।१९ | बगचौर जलुके खा.पा योजना | ४९३१९१ | ३३३४५ | २८५०० | ५४७४ | ४९२६ |
| ६ | ४६।२०८०।११।१० | मौलादेवी दुर्गा भवानी मन्दिर संरक्षण योजना | ५१६२१२ | ६७०७५ | ५१९२० | १७१२५ | १५४१२ |
| ७ | ८४।२०८०।१२।२० | खोलाखेत सेजुगाउँ मो.बा. | ४६८२८१ | ९९४५० | ८६७०० | १४४०७ | १२९६७ |
| ८ | १९७।२०८१।३।२० | देउराली बरालटोल मो.बा | २२४९२२ | २६५०० | १७८६१ | ९७६२ | ८७८५ |
| | | | | | | **जम्मा** | **१४०८४८** |

४० **उपभोक्ता समिति मार्फत कार्य :**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको

एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।

कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको २१९ वटा उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.६५००००००।- भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

• उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्वि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्धि गर्नुपर्दछ ।

• बहालवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । उपभोक्ता समितिमा बसेर कार्यगर्ने व्यक्तीको अभाव रहेको भन्ने पालिकाले जनाएको छ ।

• उपमेयरको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको विबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेखदेख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

४१ **लसुने ओम भन्जाङ्ग मोटर बाटो :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्यको कार्यको कार्य स्वीकार प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ । यस वर्ष पालिकाले लसुने ओम भन्जाङ्ग मोटर बाटो निर्माणका लागि रु.४९९२९३५।- (VAT/PSसमेत) को लागत अनुमान तयार गरि मिति २०८०।७।४ मा बोलपत्रको सुचना निकालेको पाईयो । सुचना बमोजिम ४ वटा बोलपत्र परेकोमा सबै भन्दा कम कबोल गर्ने अमृत कन्सट्रक्सन संग रु.३४४११०२।–(VAT/PSसमेत) मा मिति २०८१।२।३० सम्म सम्पन्न गर्ने गरि सम्झौता भएको पाईन्छ । प्रथम रनिङ्ग विल बापत गो.भौ.नं.४।२०८०।११।३० बाट रु.५८७५४६।–भुक्तानी भएको देखिन्छ ।पालिकाले Work Schedule बमोजिम कार्य नगरेको भनि जवाफ पेश गर्न लगाएकोमा निर्माण ब्यावसायीबाट मिति २०८१।२।२ मा म्याद थपको निवेदन दिएकोमा कार्यपालिकाको निर्णयले २०८१।५।१५ सम्मको म्याद थप गरेको पाईयो । दोस्रो रनिङ्ग विल बापत गो.भौ.२४३ र ३७ बाट रु.२४४५२१९।-र तेस्रो तथा अन्तिम बिल बापत गो.भौ. ७ बाट रु.२९३०३७।–गरि कुल रु.३३२५८०२।– भुक्तानी भएकोमा कार्य स्वीकार प्रतिवेदन पेश गरेको पाईएन । तसर्थ पालिकाले नियम बमोजिम कार्य स्वीकार प्रतिवेदन तयार भएपछि आवश्यक प्रक्रिया पूरा गरि भुक्तानि दिने व्यवस्था मिलाउनु पर्दछ ।

४२ **एक्सरे मेशिन खरिद तथा व्यवस्थापन :**

सार्वजनिक खरिद नियमावली, ६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको बास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनु पर्ने ब्यबस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५)मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी गर्ने बिल भरपाई प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष एक्सरे मेशिन खरिद तथा व्यवस्थापनका लागि रु.१८०००००।–बजेट बिनियोजन भएकोमा रु.१४२८६७७।–को लागत अनुमान तयार गरि मिति २०८१।१।१७ मा बोलपत्रको सुचना प्रकाशन गरेको पाईयो । प्रथम पटकमा २ वटा मात्र बोलपत्र परेकोले पुन: दोस्रो पटक मिति २०८१।२।२ मा बोलपत्रको सुचना प्रकाशन भएकोमा २ वटा बोलपत्र पेश भए पनि Cat Log नभएको तथा Over Rate हालेको कारण मुल्याङ्कन चरणमा नै नलगि पुन तेस्रो पटक सुचना प्रकाशन भएको देखिन्छ । तेस्रो पटकको सुचना बमोजिम न्युनतम कबोल गर्ने HR Medico Concern Butwal 5 संग रु.१०९७७९५(VATसमेत) को (Supply Delivery and Installation सहित) मिति २०८१।३।२४ भित्र सम्पन्न गर्ने गरि सम्झौता भएको तथा कार्य स्वीकार प्रतिवेदन २०८१।३।२४ मा पेश गरि गो.भौ २३५।३।२४ बाट रु.१०९७७९५।-भुक्तानी भएको पाईयो । सो मेसिनको उपयोगिता सम्बन्धमा पालिकामा सोधपुछ गर्दा लेखापरिक्षण अवधि सम्म Installation भएको पाईएन भने पुर्वाधार तयार नभएको कारण एक्सरे मेसिन जडान कार्य सम्भव नभएको भनि सोहि HR Medico Concern Butwal ले २०८१।३।२२ मा पत्र समेत पठाएको पाइयो । यसरि सम्झौताको शर्त पालना नभइ भुक्तानी गरेको देखिएकोले सो मेशिनको Installation प्रमाण पेश हुनु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,९७,७९५ |

४३ **वितरणमुखी खर्च :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ।कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, विपरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ ।यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्;

| गो भौ।मिति | कार्यक्रमको नाम | वितरण | रकम |
|---|---|---|---|
| २८७।२०८०।११।३० | जनजाती लक्षित कार्यक्रम | मगर दिवस मनाउने कार्यक्रम | २५०००० |
| २०६।२०८०।१०।२४ | अध्ययन अवलोकन भ्रमण | म्याग्दी, मुस्ताङ, जोमसोम | २८६४६० |
| ४७५।२०८१।२।२३ | कृषि विपद सहयोग कार्यक्रम | कार्यपालिकाको निर्णय अनुसार सहयोग | ३०००० |
| २७०।२०८१।०१।०९ | गल्याङ्ग च्याम्बर अफ कमर्स | आर्थिक सहयोग | ५०००० |
| ३०२।२०८०।१२।१२ | अध्ययन तथा अवलोकन भ्रमण | रम्भा-रसुवा-काठमाडौं भ्रमण अवलोकन | २००००० |

४४ **खर्चमा मितव्यिता कायम गर्नुपर्ने :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवस्यक्ता र औचित्यका आधारमा आवस्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

**भ्रमण खर्च :** लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू.३२९९३५६।÷खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्चमा मितव्ययीता कायम गर्नुपर्ने देखिन्छ ।

**इन्धन खर्च**- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/ पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.१४३००००।-इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

**पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.८३४०००।-खर्च गरेको छ । यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै जानुपर्दछ .

**मसलन्द तथा कार्यालय सामग्री खर्चः** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.१४८२०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

**सवारी मर्मत र अन्य मर्मत खर्च** - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस बर्ष मर्मत शिर्षकबाट रु.११५८०००।–तथा सवारी साधन भाडामा रु.९६५०००।-खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली

कार्यान्वयन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ। मर्मत अभिलेख खाता नराखेको कारण कुन सवारी साधनको मर्मत खर्च के कति भएको हो अवस्था यकिन गर्न सकिएन । पालिकाले सो सम्वन्धमा ध्यान दनुपर्दछ ।

**कन्टिन्जेन्सी खर्च अभिलेख :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकमको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

४५ **पाईप तथा ग्याबिन बक्स खरिद**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) वमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च गर्ने विल भर्पाइ प्रमाण र कागजात संलग्न गरी अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले पाईप तथा ग्याबिन बक्स खरिदमा कुनै आवश्यकताको अनुमान नगरी पालिकाले विभिन्न साईजका पाईप तथा ग्याबिन बक्स खरिद गर्नुपर्नेमा आवश्यकता वेगर खरीद गरी देहाय अनुसारको मौज्दातमा राखेको पाईयो । पालिकाले आवश्यकताका आधारमा खरीद गर्नुपर्ने देखिन्छ ।

| गो भौ नं/मिति | विवरण | खरिद मिटर | वितरणको भरपाई | बाँकी मिटर | दर | रकम |
|---|---|---|---|---|---|---|
| | **पाईप खरिद** | | | | | |
| ४९१।२०८१।२।३१ | २० mm | **४९००** | **२५०** | **४६५०** | **३६** | **१६७४००** |
| | २५ mm | ३८०० | १२३२ | २५६८ | ४६ | ११८१२८ |
| | ३२ mm | २७०० | २३०० | ४०० | ६३ | २५२०० |
| | ४० mm | २०० | १६६ | ३४ | ११६ | ३९६६ |
| | ६३ mm | २०० | १०० | १०० | २३६ | २३६०० |
| ६३८।२०८१।३।२० | **ग्याबिन बक्सको विवरण** | | | | | |
| | १.५*१*१ | २१ | ० | २१ | २४३० | ५१०३० |
| | २*१*१ | २५ | १८ | ७ | ३४२० | २३९४० |
| | ३*१*१ | ९५ | ४० | ५५ | ४८५० | २६६७५० |
| | | | | | **जम्मा** | **६८००१४** |

४६ **सामाजिक सुरक्षा भत्ता :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४,२५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,१९४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्योट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२,६६७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९३१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **९,२९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३,४८४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

४७ **सामाजिक सुरक्षा :**

सामाजिक सुरक्षा सञ्चचालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । सामाजिक सुरक्षामा यो वर्ष रु.११५४९०८५१।-खर्च भएकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

**एम.आइ.एस प्रणालिमा प्रतिवेदनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

**पारदर्शिताः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइन ।

**भत्ता वितरणको अनुगमनः** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**दोहोरो नागरिकता नम्बरः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ।पालिकाले ४ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएकोमा सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएका व्यक्तिलाई एउटै वडामा सामाजिक सुरक्षा भत्ता वितरण गरेको विवरणबाट देखिएको छ। सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण प्रविष्टि गर्दा यकिन गरेर मात्र सम्बन्धित शाखाले प्रविष्टि गर्नुपर्दछ । देहाय अनुसारको नागरिकता दोहोरिएको पाइएकोले यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| वडा नं. | व्यक्तिको नाम | परिचयपत्र नं. | नागरिकता नं. |
|---|---|---|---|
| १ | पदम कुमारी कार्की | १२२८६४८०१८ | ६५२६ |
| ३ | विष्णु माया पछाई | ४०४८४४९००३ | ६५२६ |
| ४ | पुर्निसरा बराल | ६०५६६४३६३० | ८०८५ |
| ५ | उमि सरा सारु | | ८०८५ |

४८ **पालिकाले थप सामाजिक सुरक्षा वितरण :**

पालिकाले संघिय सशर्तको सामाजिक सुरक्षाको भत्ता वितरण जस्तै गरी एकल पुरुष भत्ता बापत रु.८ लाख बजेट विनियोजन गरेकोमा रु.७२२८३३।– खर्च गरेको छ भने 'ग' र 'घ' वर्गको अपाङ्गहरुका लागि रु. ९ लाख बजेट विनियोजन गरेकोमा रु. ८६६१००।–तथा गरेको छ। पालिकाले यस्ता खर्चहरु गर्दा संघिय सशर्त कार्यक्रमसँग दोहोरो नहुने गरी गर्नुपर्ने तथा आन्तरीक श्रोत समेतलाई मध्यनजर गरी यस्ता खर्चहरु गर्नुपर्दछ।

४९ **विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारण :**

यस प्रयोजनमा विद्यार्थि मूल्याङ्कन तथा ग्रेड निर्धारणः विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मार्गनिर्देशन बमोजिम विद्यार्थी मूल्याङ्कनमा लेटर ग्रेडिङको प्रक्रिया निर्धारण गरी विद्यालय तहको मूल्याङ्कन र प्रमाणीकरणमा सान्दर्भिकता, पारदर्शिता, वस्तुनिष्ठता र विश्वसनियता कायम गर्न वाञ्छनीय भएकाले शिक्षा नियमावली, २०५९ को नियम १९२ को (ङ) ले दिएको अधिकार प्रयोग गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले लेटर ग्रेडिङ निर्देशिका, २०७८ तयार गरी लागु गरेकोमा विद्यालय शिक्षाको उपलव्धीलई विभिन्न ८ प्रकारमा स्तरीकृत गरेको छ । सो निर्देशिका अनुसार ३५ प्रतिशत भन्दा कम उपलव्धी हाँसिल गरेको विद्यार्थिलाई स्तरीकरण गर्न नमिल्ने उल्लेख छ । पालिकासँग शैक्षिक सत्र २०८० को कक्षा ८ को परीक्षाको प्रतिफल माग गरी परीक्षण गर्दा ३१२ विद्यार्थि मध्ये देहायका विद्यार्थिहरूलाई मात्र ग्रेड बृद्धि गरेको र अन्य विद्यार्थिहरुलाई ग्रेड बृद्धि नगरि सोहि कक्षामा राखेको देखियो । यसरी हेर्दा कक्षा ८ को विद्यार्थीको परीक्षाको प्रतिफल औषतमा रहेको देखियो भने अन्य कक्षाको समेत उल्लेख्य नतिजा देखिएन । पालिकाले मातहतका विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमको साथै पठनपाठनमा विषेश पहल गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

| क्र.सं. | बिषय | विद्यार्थी | A+ | A | B+ | B | C+ | C | D | NG |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नेपाली | ३१२ | ५ | ३१ | ९७ | १२४ | २९ | ३ | ३ | २३ |
| २ | अंग्रेजी | ३१२ | ४ | ८ | ३१ | १५० | ९० | ३ | ३ | २३ |
| ३ | गणित | ३१२ | ४ | ३७ | ७२ | ११५ | ५५ | ३ | ३ | २३ |
| ४ | सामाजिक अध्ययन तथा मानविय व्यवहार | ३०३ | ४ | २० | ५३ | १३० | ६९ | २ | ३ | २२ |
| ५ | विज्ञान तथा प्रविधि | ३१२ | ७ | ४३ | ९५ | ९१ | ३८ | १२ | ३ | २३ |
| ६ | स्वास्थ्य | ३०३ | १४ | ३५ | ८२ | ९२ | ५५ | ० | ३ | २२ |
| ७ | सूचना, संचार तथा प्रविधी | ३०३ | १४ | ३७ | ८० | ९२ | ५३ | २ | ३ | २२ |
| ८ | कर्मकाण्ड | ९ | १ | २ | ५ | | | | | १ |
| ९ | संस्कृत व्याकरण | ९ | १ | २ | ६ | | | | | ० |
| १० | संस्कृत भाषा | ९ | १ | ३ | ५ | | | | | ० |

५० **वालविकास कर्मचारी वितरण :**

पालिकाकाले कार्यक्रम कार्यान्वयन पुस्तिका, ०७९।८० अनुसार विद्यालयको विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण र समायोजन हुनुपर्ने उल्लेख छ । देहायका विद्यालयहरुमा वालविकासमा उल्लेख्य विद्यार्थि संख्या नरहेको अवस्थामा समेत वालविकास कर्मचारी संख्या बढि वितरण गरेको र पारीश्रमिक भुक्तानी समेत भएको छ । यसरी भुक्तानी दिंदा आवश्यक विद्यालयहरुमा वालविकास कर्मचारी नपुग हुने र देहाय अनुसारको विद्यार्थि कम भएकोमा बढि हुने अवस्था देखियो । अतः आवश्यकता र विद्यार्थि संख्याको आधारमा वालविकास कर्मचारी वितरण हुनुपर्ने देखिन्छ ।

| क्र.सं. | विद्यालयको नाम | बालविका सहजकर्ता | बालविकास |
|---|---|---|---|
| १ | अरनिको आधारभुत विद्यालय | २ | १५ |
| २ | भृकुटी आधारभुत विद्यालय | १ | १५ |
| ३ | जन ज्योति आधारभुत विद्यालय | १ | ६ |
| ४ | मजुवा आधारभुत विद्यालय | १ | १८ |
| ५ | भवानी आधारभुत विद्यालय | १ | ७ |
| ६ | महेन्द्र आधारभुत विद्यालय | १ | ११ |
| ७ | माइस्थान आधारभुत विद्यालय | १ | १३ |
| ८ | मंगलादेवी आधारभुत विद्यालय | १ | ५ |
| ९ | अमृत पब्लिक माध्यमिक विद्यालय | १ | १३ |
| १० | कालिका आधारभुत विद्यालय | १ | ७ |
| ११ | निशानादेवी आधारभुत विद्यालय | १ | ३ |
| १२ | रविकिरण माध्यमिक विद्यालय | १ | १७ |
| १३ | अमर आधारभुत विद्यालय | १ | ९ |
| १४ | जनहित भगवती माध्यमिक विद्यालय | १ | ९ |
| १५ | जनप्रिय आधारभुत विद्यालय | १ | ४ |
| १६ | नवज्योति आधारभुत विद्यालय | १ | १ |
| १७ | नवकिरण आधारभुत विद्यालय | १ | १ |
| १८ | शान्ती आधारभुत विद्यालय | १ | ३ |
| १९ | चण्डेश्वरी आधारभुत विद्यालय | १ | ९ |
| २० | जन जागृति आधारभुत विद्यालय | १ | ८ |
| २१ | जनता आधारभुत विद्यालय | १ | ११ |
| २२ | पशुपति आधारभुत विद्यालय | १ | ४ |
| २३ | प्राकृतिक आधारभुत विद्यालय | १ | ५ |

## ५१ राष्ट्रिय शिक्षा नीतिको पालना :

५१.१ राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ ।

गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन सम्वन्धि मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ गाउँपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

५१.२ गाउँपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

५१.३ राष्ट्रीय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वियनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः गाउँपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

## ५२ समानिकरण वजेटबाट शिक्षकको तलब भत्ता :

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत कार्यक्रम भित्रमात्र सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । जसअनुसार साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका तथा विद्यार्थी संख्या अत्याधिक भई शिक्षक नपुग भएको अवस्थामा मात्रै पालिकाले विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०८० का लागि सहयोग अनुदान दिन सकिने देखिन्छ । कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ मा भएको व्यवस्था अनुसार कक्षा ६-८ तथा कक्षा ९-१० मा अंग्रेजी, विज्ञान र गणित बिषयको लागि समेत छुट्टै वजेट व्यवस्था गरी निकासा समेत दिईएको अवस्था छ । तर पालिकाले न्यून विद्यार्थी रहेका विद्यालयलाई विद्यार्थि संख्या, पहुँचको अवस्था, एक विद्यालयबाट अर्को विद्यालयमा रहेको भौगोलिक दुरी लगायतको अवस्थालाई समेत मध्यनजर गरी मर्जरको प्रक्रियामा लगि विद्यालयमा आवश्यकता बमोजिम शिक्षक दरबन्दि कायम गरी शैक्षिक गुणस्तर सुधार तथा मितव्ययिता कायम गर्नेतर्फ गाउँपालिकाको ध्यान जानुपर्ने देखिन्छ । तर पालिकाले स्वीकृत दरबन्दि भित्र नपरेका र गत विगत देखि नै निजी स्रोतको रूपमा कार्यरत शिक्षकलाई प्रा.वि.तर्फ १९ जनालाई, नि.वि तर्फ ४ जनालाई र मा.वि तर्फ ४ जना शिक्षकलाई वित्तिय समानिकरण शिर्षकबाट तलब भत्ता विद्यालयहरूको नाममा अनुदान निकासा दिएको पाईयो । पालिकामा रहेको शिक्षक र विद्यार्थीहरूको अनुपात हेर्दा देहाय अनुसारको देखिएकोले आवश्यकताको आधारमा मात्रै शिक्षक नियुक्ति तथा खर्च गर्नुपर्ने देखिन्छ ।

| तह | दरवन्दि शिक्षक | विद्यार्थी संख्या | पालिका अनुदान शिक्षक | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| प्रा.वि. | १३६ | ११७४ | ५६ | ८.६३ |
| नि.मा.वि. | ३६ | ७८४ | ७ | २१.७८ |
| मा.वि. | २९ | ४९१ | २ | १६.९३ |
| साविकउच्च मा.वि | ८ | ३५३ | ० | ४४.१३ |
| **जम्मा** | **२२६** | **२८०२** | **६६** | |

५३ **विद्यालय संचालन तथा व्यवस्थापन अनुदान :**

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **३०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४७,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **६०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५४ **थप दिवा खाजा :**

पालिकाले आ व २०८०।०८१ मा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७९/८० को क्रियाकलाप नं. २.७.११.१ मा शैक्षिक व्यवस्थापन सूचना प्रणाली IEMIS मा समावेश भएको प्रारम्भिक बाल विकासदेखि कक्षा ५ सम्मको विद्यार्थी संख्याका लागि प्रति विद्यार्थी रु.१५ का दरले वार्षिक रुपमा १८० दिनका लागि बजेट व्यवस्था गरिने भएकोमा पालिकाले चालु आ.व. मा जम्मा विद्यालय सञ्चालन भएको दिनमा उपस्थित विद्यार्थी संख्यालाई गणना गरी रु.१५ ।-का दरले विद्यालयको माग अनुसार भुक्तानी गर्ने गरेकोमा गाउँपालिका चालुबाट कक्षा ६ देखी ९ सम्म सम्म प्रति विद्यार्थि रु.२०।-को दरले १५ विद्यालयलाई रु. ३१७८६२१।-निकासा गरेको छ । यसरी निकासा गरेको रकमको सहि सदुपयोग भए नभएको सम्वन्धमा पालिकाले यकिन गरेर मात्र पुनः निकासा दिनुपर्नेमा रम्बा माध्यमिक विद्यालयले २४० जना विद्यार्थिको लागि रु.२०।-को दरले बार्षिक रु.७१६६२५।– विद्यार्थिहरूलाई नगद नै वितरण गरेको पाईएकोले यस्तो रकम नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ७,१६,६२५ |

५५ **क्याम्पसलाई अनुदान :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज) मा स्थानीय तहले आधारभुत र माध्यामिक विद्यालयको शिक्षा क्षेत्रमा कार्यहरु गर्नसक्ने उल्लेख छ । तर पालिकाले यसबर्ष वित्तिय समानिकरणबाट रम्भा बहुमुखी क्याम्पस शिक्षण अनुदान खर्च जनाई गो.भौ.४५। २०८०।०७।०१ बाट रु.६५००००।-भुक्तानी दिएको पाईयो । यसरी पालिकाको कार्यक्षेत्र भन्दा बाहिर गरेको खर्च रकम नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५०,००० |

५६ **विद्यालयको अनुगमन :**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-३ मा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभूत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय-व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभूत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखासँग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेको भनाइ रहेको छ । पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर वृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नुपर्दछ ।

५७ **दिवा खाजा :**

५७.१ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को ७.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । साथै दोश्रो र तेस्रो चौमासिक निकासा दिंदा पहिलो चौमासिकमा निकासा दिएको रकमको सदुपयोगको स्थिती समेत हेरेर एवं खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका नमूनाको समेत आधारमा निकासा दिनुपर्ने उल्लेख छ । तर पालीकाले यस बर्ष दिवा खाजाको लागी विभिन्न ३६ वटा विद्यालयहरुमा गरी जम्मा रु.३९०१०००।-विद्यालयहरुको खातामा निकासा दिएको पाईयो । विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिई सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने तथा दिवा खाजा खुवाएको अनुगमन गरी पालिकाले विद्यालयहरुलाई निकासा दिनुपर्नेमा पालिकाले अनुगमन गरेको अभिलेख प्राप्त भएन । सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

५७.२

विद्यालयहरुलाई त्रैमासिक रुपमा निकासा दिएको रकम विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट विद्यार्थिको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा तथ्याङ्क संकलन गरी संख्या एकिन गरी रकमको सदुपयोगको स्थिती समेत हेरेर पुनः अर्को किस्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यार्थिको संख्यात्मक विवरण विद्यालयको प्रधानाध्यापक र व्यवस्थापन समितिको अध्यक्षवाट प्रमाणित नगराई केवल प्रधानाध्यापकको मागको आधारमा निकासा दिने गरेको पाईयो । पालिकाले विद्यालयहरुको दिवा खाजाको व्यवस्थापन सम्वन्धी अनुगमन समेत नगरी प्रति विद्यार्थी दैनिक रकमले हुने एकमुष्ठ रकम सम्वन्धित विद्यालयलाई त्रैमासिक किस्तामा मात्रै निकासा गरेको पाईयो । कार्यक्रम कार्यान्वियन पुस्तिकाले तोकेको प्रकृया पुरा गरी निकासा दिने तथा सोको सदुपयोग सम्वन्धमा समेत पालिकाले ध्यान दिनु पर्दछ ।

५७.३ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ (च) मा विद्यालयले दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएको जङ्क फुड नखुवाउने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न, तरकारी, दुध, दही, माछा-मासु, फलफूल लगायतका सामग्रीहरू स्थानीय कृषकबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र विल भरपाई सुरक्षित रूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने उल्लेख छ । साथै विद्यालयबाट गरिएको दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने । सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा स्थानीय तहबाट अनुगमन गरी तथ्याङ्क अद्यावधिक गरेको देखिएन । पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ ।

५७.४ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक निकासाको खर्चको प्रमाणका साथै विद्यार्थिहरुको प्रमाणित हाँजिरी समेत पेश गर्नुपर्ने व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष्यको हस्ताक्षर विना नै पेश भएको हाजिरी परीक्षण गर्दा सवै विद्यालयहरुमा वैसाख, जेष्ठ र आषाढ महिनामा दिवा खाजा दावि गरेको हाजिरी रेकर्डमा शत प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ५ कक्षा सम्म शत् प्रतिशत विद्यार्थी हाँजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको हाँजिरी वास्तविक हो भनि एकिन हुनसक्ने आधार देखिएन । तपशिलका विद्यालयहरुको विद्यार्थी संख्या, हाजिरीको अवस्था, शैक्षिक उपलव्धी र दिवा खाजाको सदुपयोगको सम्वन्धमा पालिकाले एकिन गर्नुपर्ने देखिन्छ ।

५७.५ कार्यक्रम कार्यान्वियन पुस्तिका, ०८०।८१ को २.७.११.१ मा दिवा खाजा कार्यक्रम लागु भएका पहाडि विद्यालयहरुमा कक्षा ५ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी दैनिक रु.१५।- का दरले बढिमा १८० दिनको लागि विद्यार्थीको दैनिक हाजिरीको प्रमाणित प्रतिलिपीको आधारमा खातामा निकासा दिनुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयहरुमा दिवा खाजाको निकासा दिंदा अगाडिको त्रैमासिक निकासाको खर्चको प्रमाणका साथै विद्यार्थिहरुको प्रमाणित हाजिरी समेत पेश गर्नुपर्ने व्यवस्था अनुसार विद्यालय व्यवस्थापन समितिको अध्यक्ष्यको हस्ताक्षर विना नै पेश भएको हाजिरी परीक्षण गर्दा सवै विद्यालयहरुमा हाँजिरी रेकर्डमा शत प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको आधारमा भुक्तानी दिएको छ । यसरी वालविकास देखि ५ कक्षा सम्म शत् प्रतिशत विद्यार्थि हाजिरी रहेको पेश गरेको पाईएकोले निज विद्यालयहरुमा अध्ययनरत विद्यार्थिहरुको हाजिरी वास्तविक हो भनि यकिन हुनसक्ने आधार देखिएन ।

| क्र.सं | विद्यालय | रकम |
|---|---|---|
| १ | प्राकृतिक आ.वि. | १५५६७१ |
| २ | जनप्रिय आ.वि. | २४६७३५ |
| **जम्मा** | | **४०२४०६।-** |

## ५८ **सेनीटरी प्याड खरीदः**

५८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालीकाले नियमावलीको व्यवस्था अनुसारको लागत अनुमान तयार गरी खरिद गर्नुपर्नेमा लागत अनुमान समेत तयार नगरी दरभाउपत्रको माधयमबाट कम कवोल जनाई नारी सेनेटरी उद्योगबाट प्रति प्याड रु.७४।५८ का दरले ११०३५ प्याडको गो.भौ.२३२। ०८१।३।२४ बाट रु.८२२९९०।-भुक्तानी दिएको छ । लागत अनुमान तयार गरी वोलपत्रको माध्यमबाट खरीद गर्दा सोहि गुणस्तरको प्याड खरीद गर्न सकिनेमा बर्षान्तमा लागत अनुमान वेगर खरीद गर्दा प्रतिस्पर्धा कम हुने तथा गुणस्तर समेत नहुने देखिन्छ ।

५८.२ पालीकाले नियमावली तथा कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को व्यवस्था अनुसार लागत अनुमान तयार गरी गुणस्तर सहितको सेनीटरी प्याड विद्यार्थिहरुलाई उपलव्ध गराउनुपर्ने देखिन्छ । तर पालिकाले खरिद गरेको उल्लेखित ११०३५ सेनिटरी प्याड जिन्सि खातामा आम्दानी जनाएको तथा बर्षान्तमा विद्यालयलाई बुझाएको जनाएकोमा सो सामाग्री विद्यालय जिन्सी खातामा दाखिला छ छैन सोको प्रमाण पेश भएको छैन । बार्षिक रूपमा विनियिजित रकम सोहि आर्थिक बर्षको लागि हुनेमा पालिकाले बर्षान्तमा सामान खरिद गरी विद्यालयमा हस्तान्तरण गरेको जनाएकोमा विद्यालयमा सोहि गुणस्तर कायम राख्ने गरी विद्यालयले व्यवस्थापन गर्न सक्ने नसक्नेमा आश्वस्त हुन सकिएन । अतः पालिकाले सम्वन्धित लक्षितवर्गलाई सुविधा उपभोग गर्नेगरी खरीद तथा व्यवस्थापन हुनुपर्दछ ।

५८.३ सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधी, २०७६ अनुसारको सेनिटरी प्याडको स्पेशिफिकेशन २४०+-२० mm लम्वाई, ६० बाट ७५mm चौडाई एवं thickness १५ mm +- २ mm को हुनुपर्ने उल्लेख छ । तर पालिकाले सो अनुसारको स्पेशिफिकेशनको सेनीटरी प्याड खरीद नगरी २८० mm को ११०३५ प्याड खरीद गरी वितरण गरेको पाईयो । यसरी सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधीले तोकेको स्पेशिफिकेशन अनुसार खरीद नगरेकोले कानूनको पालना गरेको देखिएन । कार्यविधीले तोकेको मापदण्डको खरीद नगर्दा निर्धारीत गुणस्तर कायम नहुने देखिएकोले यस्तो खरीद रकम रु.८२२९९०।-नियमसम्मत नदेखिएको, रु.

| | |
|---|---|
| अनियमित भएको | ८,२२,९९० |

## ५९ **औधोगिक ग्राम निर्माण**

५९.१ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र पालिका विच २०८०।३।१९ मा भएको सम्झौता तथा स्विकृत डि.पि.आर.अनुसार पालिकाले १०३४.१३कि.मी.को फेन्सिङ कार्य, एक्जिविसन हल तथा दुई कोठे ट्रस निर्माणको लागि रु.१०१४८५६८।८८ को लागत अनुमान तयार गरेको पाईयो । पालिकाले २०८०।६।१९ मा वोलपत्र सूचना आव्हान गरेकोमा पर्न आएका १२ फर्महरू मध्ये दुई फर्मको योग्यताको परीक्षणमा असफल रहेको जनाई मूल्याङ्कन समितिले १० फर्मको मात्रै मूल्याङ्कन गरेको पाईयो । पालिकाले सबैभन्दा कम कवोल रु.६५११५९९।५५(मु.अ.कर वाहेक) गर्ने फर्म स्वर्गद्धारी निर्माण सेवाको वोलपत्र स्विकृत भएको पाईयो । सो फर्मसँग मा २०८१।१।३० सम्ममा कार्यसम्पन्न गर्नेगरी २०८०।९।११ मा सम्झौता भएको छ । सो सम्वन्धी विवरण निम्नानुसार छन।

५९.२

सार्वजनिक खरिद ऐनको दफा ५४ मा भेरिएसन गर्दा सो भेरीएसनको परिमाणको प्राविधिक पुष्ट्याई र कारण, स्विकृत वजेटमा परे नपरेको कुरा, निर्माण कार्यको ड्रईङ्गस डिजाईन, तथा स्पेशिफिकेशन आदि बदल्नुपर्ने र नपर्ने जस्ता कुराहरू भेरीएसनको स्विकृती गर्ने अधिकार भएको पदाधिकारीले प्रमाणित गरेर मात्र कार्यगर्नुपर्ने कानूनी व्यवस्था छ। पालिकाले रु.६५११५९९।५५ को ठेक्का सम्झौता गरेकोमा प्रथम विल गो.भौ.१९।०८१।२।१ बाट रु.१८८५१६७।-,र अन्तिम विल गो.भौ.४७।०८१।३।२४ बाट रु.४६१६६१७।–गरी रु.६५०१७८४।-को मूल्याङ्कन गरी भुक्तानी समेत भएको छ । ठेक्का सम्झौता अनुसार BOQ को Item no१३ को फेन्सिङ्ग को कार्य ५ लाईन Barbed Wire लगाउने रहेकोमा सोको स्थानमा Angle Pole and Wiremess लगाउने गरी निर्माण व्यवसायीको अन्तिम विलको भुक्तानी माग (२०८१।२।२७) पश्चात नयाँ ठेक्का रकम रु.६८९९४९१।–कायम गरी भेरिएसन स्विकृत गरेको पाईयो । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था अनुसार मात्रै भेरिएसन स्विकृत गर्नुपर्नेमा सम्झौता रकम रु.६८९९४९१।-कायम गरी कार्यसम्पन्न भएपश्चात तथा भुक्तानी दिने अवधिमा कार्यालय प्रमुखबाट भेरिएसन स्विकृत गरेको पाईयो । .

५९.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ मा सम्झौताको शर्त वमोजिम आपूर्तकले सम्झौता अवधिमा सम्झौता अनुसारको कार्य नगरेमा तथा म्याद थप समेत नभएको अवस्थामा सम्झौता रकमको प्रतिदिन ०.०५ प्रतिशतका दरले बढीमा १० प्रतिशतमा नबढ्ने गरी पूर्वनिर्धारीत क्षतिपूर्ति असूल गर्नुपर्ने उल्लेख छ । पालिकाले उल्लेखित फर्मसँग सम्झौता गरेकोमा २०८१।१।३० सम्ममा कार्यसम्पन्न गरी प्रतिवेदन पेश हुनुपर्ने देखिन्छ । तर सो फर्मले म्याद थपको निवेदन दिएको नपाईएकोमा समेत प्रमुख प्रशासकिय अधिकृतबाट २०८१।१।२५ को निर्णय जनाई २०८१।३।१५ सम्मको म्याद थप गरेको तथा सोहि मितिमा कार्यसम्पन्न भएको पाईयो । यसरी ४५ दिन ढिला कार्यसम्पन्न गरेकोल देखिएकोमा सो दिनको हुने रकम रु.१५५२३८।५५ सम्वन्धित निर्माण व्यवसायीबाट असूल हुनुपर्नेमा पालिकाले अन्तिममा म्याद थपको निवेदन समेत नराखि म्याद थप गरेको जनाई मूल्याङ्कित रकम रु.६५०१७८४।–को अन्तिम विल गो.भौ.४७।०८१।३।२४ बाट रु.४६१६६१७।–भुक्तानी गरेको छ । यसरी केवल पूर्वनिर्धारीत क्षतिपूर्ति असूल नगर्ने गरी म्याद थपगरेकोले कानूनको पालना गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ ।

६० **प्रधानमन्त्री रोजगार कार्यक्रम :**

६०.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत र पर्यटन पर्वद्धन योजना सञ्चालनको लागि रु.४३९४००० वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ६५ जनालाई बढीमा १०० दिन र कम्तिमा ७६ दिन गरी औषतमा ९३.६० दिनको श्रमिक ज्यालामा रु.४११७४०६ र प्रशासनिकमा रु.१७४४३०२।- गरी जम्मा रु.५८६१७०८।- खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा उल्लेखित छन् ।

६०.२ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानिय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानिय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानिय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकि वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राहि परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

६०.३ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विषेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

६०.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूचि तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | वडा | आयोजनाको नाम | श्रमिकको संख्या | श्रमिकको कार्यदिन | जम्मा दिन | ज्याला दर | जम्मा ज्याला |
|---|---|---|---|---|---|---|---|
| १ | १ | जैडाँडा गोरेटो बाटो | ५ | ९५ | ४७५ | ६६८ | ३१७३०० |
| २ | | राधामाधम मन्दिर देखि नुहाउने घाट जाने गोरेटो बाटो | ३ | ८० | २४० | ६६८ | १६०३२० |
| ३ | २ | ढोके ढुङगा बैदटोल पैदल मार्ग | ९ | १०० | ९०० | ६६८ | ६०१२०० |
| ४ | | माइस्थान प्रा.वि देखि सिरानटोल पैदल मार्ग | ५ | १०० | ५०० | ६६८ | ३३४००० |
| ५ | ३ | मारमारे,राम्चे,बगनास्दी पैदल मार्ग | ४ | १०० | ४०० | ६६८ | २६७२०० |
| ६ | | रिमिघा पर्यटन प्रबर्धन | ११ | १०० | ११०० | ६६८ | ७३४८०० |
| ७ | | घोङसिङ पोखरादेखि पुछारको चौपारी सम्म पैदल मार्ग | ६ | ८३.५ | ५०१ | ६६८ | ३३४६७१.२० |
| ८ | ४ | खाडदेबि देखि रातामाटा जाने गोरेटो बाटो | ७ | ८९.०१ | ६२३ | ६६८ | ४१६२२३ |
| ९ | | स्कूल बेलडाँडा देखि तिनाउ जाने मो.बा | ६ | १०० | ६०० | ६६८ | ४००८०० |
| १० | ५ | देउराली छाप देखि बधेर खेत जाने गोरेटो बाटो | ५ | ९६.१३ | ४८०.६५ | ६६८ | ३२११०० |
| ११ | | सूर्यटोल मोझथर गोरेटो बाटो मर्मत<br>वीरकोट | ४ | ८६ | ३४४ | ६६८ | २२९७९२ |
| | | | | **जम्मा** | **६१६३.७८** | **६६८** | **४११७४०६** |

६०.५ पालिकाले कार्यान्वियन गर्ने योजनाहरू बार्षिक वजेटमा समावेश गरी कार्यान्वियनमा लैजानुपर्ने तथा वडाहरूको आवश्यकताको आधारमा योजना छनौट गर्नुपर्ने देखिन्छ । तर पालिकाले यस बर्ष कार्यान्वियन गरेका सत्र वटा योजनाहरू नै वजेटमा समावेश गरेको नपाईएको तथा कार्यपालिकाको निर्णयानुसार मात्र छनौट गरेको जनाएको छ । पालिकाले योजना छनौट गर्दा सवै वडाहरुलाई आवश्यकताको आधारमा छनौट गर्नुपर्नेमा रोजगारहरु सवै वडामा पर्याप्त नभएकोले समेट्न नसकेको जनाएको भएतापनी सवै वडाहरूलाई प्राथमिकतामा राखी योजना छनौट र कार्यान्वियन गर्नुपर्दछ ।

६१ **औषधि खरिद :**

६१.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधार मानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । तर पालिकाले यस बर्ष खरीद गर्ने औषधिको लागत अनुमान वनाउँदा गत आर्थिक बर्षको खरीद मूल्यलाई आधार बनाई लागत अनुमान वनाएको बताएको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः

६१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सम्बन्धित मालसामानको स्पेशिफिकेशनको अधिनमा रहि अघिल्लो वर्षको खरिद दर, स्थानीय बजारमा प्रचलित दर, अन्य सार्वजनिक निकायले खरिद गरेको दर तथा उद्योग वाणिज्य संघले जारी गरेको दररेटलाई समेत आधारमानि लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले संघिय तथा पालिका वजेटबाट गरी रु.२२४४८९२।-को औषधी खरीद गरेको छ । पालिकाले यस वर्ष रु.२३९९९७३।– (VAT लाग्ने Item सहित) को लागत अनुमान तयार गरि २०८०।५।१२ मा सिलबन्दी दरभाउपत्रको सुचना प्रकाशन गरेको पाईयो । सुचना बमोजिम ४ वटा बोलपत्र परेकोमा सबै भन्दा कम कवोल गर्ने Ranimahal Medico Suppliers,Tansen संग रु.७३९१३९।– को २०८०।६।२४ मा १५ दिन भित्र आपूर्ती गर्ने गरि सम्झौता भएको पाइयो । गो.भौ. ४१।२०८०।९।५ बाट रु.६२४०६४।– भुक्तानि भएको देखिन्छ । उक्त ठेक्का बाट बचेको रकम रु.१७७५९३६।–मध्ये सोहि ठेक्का सकार गर्ने रानिमहल फर्मबाट रु.१४६४६४६।– को र अन्य फर्मबाट रु.१५३७४५।-को गरि कुल रु.१६२०८२८ सोझै खरिद मार्फत बिभिन्न औषधि खरिद गरेको पाइयो । पालिकाले नियमानुसार पुनः प्रतिशपर्धा गरी खरीद गर्नुपर्ने देखिन्छ ।

६१.३ **अन्य व्यहोरा:-**

• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।

• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच गरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधि भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखि सोही अनुसार ELMIS मा सामान राखेको ठाउ खुल्ने गरी ईन्ट्री नगरेको तथा सामाग्री अव्यवस्थित तरिकाले राखेकोले व्यवस्थित गरी भण्डारण गर्नु पर्ने।

• औषधि निकासाको लागि FIFO Method प्रणाली अपनाएको देखिएन ।

• औषधिको आवश्यक्ता निर्धारिण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

• स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

६२ **संचालन नभएका कार्यक्रम :**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वियन गर्ने प्रत्येक कार्यालयले तोकिए बमोजिमको कार्यक्रम संचालन गरि प्रगती विवरण तयार गर्नुपर्ने उल्लेख छ । साथै अन्तर सरकारी वित्त व्यवस्था ऐन, २०७४ को दफा १० मा नेपाल सरकारले प्रदेश सरकार तथा स्थानिय तहलाई अनुदान दिन सक्ने र त्यस्तो अनुदानको रकम निर्धारीत कार्यमा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्ष प्राप्त शशर्त वजेट मध्ये देहाय लगायतको कार्यक्रमहरु नगरी वजेट रकम फ्रिज गरेको छ । बार्षिक रुपमा विनियोजित रकम समयमा र तोकिएको कार्यक्रममा खर्च नगर्दा लक्षित उपलब्धि हाँसिल नहुने हुँदा तोकिए अनुसारको कार्यक्रम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| सि.नं | कार्यक्रम | रकम रु. |
|---|---|---|
| १ | कोभिड-१९ बाट पुगेको शैक्षिक क्षतिको परिपुरण तथा अन्य विपदको समयमा सिकाइ निरन्तरताका लागि कार्यक्रम | ४०२०००।- |
| २ | कृषि, पशुपन्छी तथा मत्स्य तथ्याकं अध्यावधिक कार्यक्रम | १०००००।- |
| ३ | पोपण विशेष (स्वास्थ्य) क्षेत्रका कार्यक्रम सञ्चालन | १५००००।- |

६३ **पकेट विकास :**

६३.१ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना¸ परियोजना कार्यान्वियन म्यानुअल¸ २०७७ को परिच्छेद-४ को ४.१.४ मा पकेट विकास कार्यक्रममा सहभागि हुनको लागि नियमानुसार दर्ता भएका कृषक समुह वा उपभोक्ता समितिहरुबाट प्राप्त निवेदनहरु मध्येबाट अनूसूचि ९ मा उल्लेखित मापदण्ड पुरा गरेका मध्येबाट प्राथमिकताको आधारमा कार्यक्रम संचालन गर्नुपर्ने उल्लेख छ । त्यस्तै पकेट निरन्तरताको लागि गतवर्ष पकेट कार्यक्रम प्राप्त गरेका कृषक समुहहरूलाई सूचना जारी गरी प्राप्त प्रस्ताव तथा निवेदनको आधारमा एवं गत बर्षको उपलव्धी र स्रोतको सदुपयोग समेतको आधारमा सम्झौता गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने उल्लेख छ । पालिकालाई यस बर्षको विनियोजित वजेट अनुसार आ.व.२०८०।८१ मा सुन्तला खेति निरन्तरताको लागि रु.६०००००।-वजेट विनियोजन भएको पाईयो । पालिकाले सम्झौताको लागि कृषकहरूलाई सूचना आव्हान नगरि मिलिजुली कृषि तथा पशुपालन समुह वडा नं-५लाई रकम निकासा दिएको छ । सो सम्वन्धमा देखिएको विवरण निम्नानुसार छन।

६३.२ पालिकाले मिलिजुली कृषि तथा पशुपालन समुह वडा नं-५लाई सम्झौता वमोजिमको कार्य सम्पन्न गरेको जनाई पेश गरेको कागजात अनुसार गो.भौ.२२१।०८१।३।२३ बाट रु.५७७९७८।-भुक्तानी दिएकोमा विभिन्न सामाग्रीहरू खरिद गरेको जनाई विल भरपाई पेश गरेको छ । तर सो समुहले के के कार्य गर्ने हो सोको प्रस्तावना पेश नगरेकोले निजको विल भरपाईलाई तुलना गर्न सक्ने अवस्था देखिएन । समुहले देहाय अनुसारको उपकरणहरू वितरण गरेकोमा प्रस्तावनामा तथा वितरण कार्य गर्दा समेत सो खरीद सामाग्री क-कसलाई यस बर्ष वितरण गर्ने र क-कसलाई आगामी बर्षको निरन्तरता बजेटबाट दिने हो सो सम्वन्धमा निर्णय गर्ने गरेको छैन । पालिकाले सुन्तला खेति कार्यको लागि समयमा नै सम्झौता गराई अनुदान रकम निकासा दिनुपर्नेमा २०८०।१२।२ मा मात्रै सम्झौता गरेको देखिएकोले अनुकूल सिजनमा कार्य गरे गराएको देखिएन सो तर्फ सरोकार पक्ष सजग हुनुपर्ने देखिन्छ। साथै पालिकाले अनुदान रकमको सहि सदुपयोग र समुह भित्रको पारदर्शिता सम्वन्धमा समेत अनुगमन गर्नुपर्ने देखिन्छ ।

| क्र.सं | खरीद सामान | संख्या | रकम |
|---|---|---|---|
| १ | स्प्रेयर १६ लि. | ३० वटा | ६०००० |
| २ | सिकेचर | ३९वटा | ३९९९९ |
| ३ | ब्रसकटर | ५ वटा | १४०००० |

६४ **लघुउद्यम कार्यक्रम :**

गरीवी निवारणको लागि लघु उद्यम कार्यक्रम (मेडपा) अन्तर्गत यस आर्थिक बर्षमा विभिन्न ५ कार्यक्रमको लागि यस बर्ष देहाय अनुसारको सिपमूलक तालीम संचालन गरी रु.१२८००००।–खर्च तथा ६४ जनालाई तालीम र ९६ जनालाई अभिमुखीकरण कार्यक्रम प्रदान गरेको छ । यसरी तालीम प्राप्त उद्यमी मध्ये विभिन्नलाई प्रविधि हस्तान्तरण अन्तर्गतको सामान वितरण गरेको छ । गरीवी निवारणको लागि विनियोजित रकमबाट पूर्ण रुपमा कार्यक्रम संचालन गरी बार्षिक सम्पन्न कार्यक्रमहरुको प्रभावकारीता एवं तालिम पश्चातको रोजगारी सृजना सम्वन्धमा समेत पालिकाले अनुगमन गर्नुपर्दछ ।

| क्र.सं. | तालिमको नाम | सहभागी संख्या | खर्च रकम |
|---|---|---|---|
| १ | उद्यमशिलता विकास तालिम | | १५७१६०।- |
| २ | तरकारी खेति तालिम | १४ | ६५९२५।- |
| ३ | मौरिपालन तालिम | १४ | ८४५६५।- |
| ४ | पानीपुरि चाट चटपट बनाउने तालिम | १० | ४८२१०।- |
| ५ | दुना टपरि बनाउने तालिम | ११ | ६८६९०।- |
| ६ | हातेहोजियारी सिप विकास तालिम | १५ | २०१७७५।- |
| ७ | प्रविधि हस्तान्तरण कार्यक्रम<br>मौरी घार दुनाटपरि मेसिन र पलास्टिक टनेल | | ३४९५००।- |

६५ **जनजाती संग्राहलयः**

६५.१ पालिकाले जनजाती संग्राहलय नेपाल सरकार, सस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको च.नं.२६०, मिति २०७७।११।०५ मा साझेदारी आयोजना अन्तर्गत नेपाल सरकारको ७४०००००।-र यस रम्भा गाउँपालिकाको रु ३१०००००।-सहित कुल रु.१०५०००००।-लगानीममा २०७८ फागुन मसान्त भित्र संग्रहालय निर्माण सम्पन्न गर्ने गरी पत्र पठाएको पाईयो । गाउँपालिकाले सोही पत्रको आधारमा सुचना प्रकाशन गरी कवोल रकम रु.११५१७३१३।२९ मा २०७९।०२।०२ भित्र निर्माण सम्पन्न गर्ने गरी मिति २०७८।०२।०२ मा निर्माण व्यवसायी श्री कार्की ब्रदर्शसँग सम्झौता गरेको देखियो । निर्माण कार्य वापत गाउँपालिकाले हालसम्म चौथो रनिङ्ग बिल सम्ममा रु.१०४७१२०८।३० भुक्तानी गरेको छ । निर्माण कार्यको लागी नेपाल सरकारबाट रु.७४०००००।-अनुदान दिने गरी परिपत्र गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१४२०८००।-, आर्थिक वर्ष २०७८।७९ मा रु.९३७२००।-, आर्थिक वर्ष २०७९।८० मा रु.४८३६००।–र आर्थिक वर्ष २०८०।८१ मा रु.२१९४२२७।-गरी हालसम्म जम्मा रु.५०३५८२७।-अनुदान रकम प्राप्त भएको पाईयो । बजेट अभावका कारण पटक पटक म्याद थप गरी हाल यस संग्रहालय निर्माणको अवधी २०८१।३।१५ सम्म म्याद थप भएकोमा लेखापरीक्षण अवधीसम्ममा सो कार्य सम्पन्न नभएको अवस्थामा छ । संघीय सरकारबाट प्रतिवद्धता अनुसारको रकम प्राप्त नहुदा आयोजना निर्माणमा ढिलाई हुनुका साथै निर्माण कार्यको सम्झौता अनुसारको दायित्व रकमको भुक्तानी गर्न गाउँपालिकाको स्रोतमा भर पर्नु परेको अवस्था देखिन्छ । निर्माणाधिन सास्कृतिक संग्रहालयको निर्माण छिट्टै सम्पन्न हुन नसकि आयोजना रुग्ण हुने अवस्थामा रहेकोले सरोकारवाला सबैको विषेश ध्यान जानु पर्ने देखिन्छ ।

६५.२

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१७६,७०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६६ **१५ शैया अस्पतालः**

६६.१ पालिकाले गैह्र आवाशिय भवन अन्तर्गत १५ शैया अस्पताल निर्माण कार्यको लागि रु.१९५३२०४५१।३७ को लागत अनुमान स्विकृत गरेको पायो । सो कार्यको लागि २०८०।८।५ मा वोलपत्र आव्हान गरेकोमा ७ फर्महरूको प्राविधिक प्रस्तावबाट सफल तथा आर्थिक प्रस्तावमा अर्जुन / डि.एन.डि.जे.भी.ले सुरू प्रस्तावको रकम रु.१८३८९५१५३।०३ मा ११ प्रतिशत छुट समेत दिने उल्लेख गरेको कारण सवैभन्दा कम कबोल रु.१६३७८९९८१।५३(१६.१४% कम कवोल) हुन गएको देखियो । पालिकाले सोहि अनुसार २०८०। ११।१ मा रु.१६३७८९९८१।५३ ( मू.अ.कर र पिएस समेत ) तथा २०८३।७।३० सम्म कार्यसम्पन्न गर्नेगरी सम्झौता भएको पाईयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

६६.२ पालिकाले १५ शैया अस्पताल निर्माण कार्यको लागि २०८०।११।१ मा सम्झौता गरेको यसबर्ष वजेट अभावको कारण कुनै भुक्तानी भएको छैन । निर्माण व्यवसायीले कार्य गर्दै गरेको जानकारीमा आएतापनि आर्थिक बर्ष २०८१।०८२ मा समेत वजेट विनियोजन भएको अवस्था छैन । पालिकाले २०८१।२।३१ को च.नं.२०८० बाट तालुक निकायमा आवश्यक वजेट विनियोजनको लागि पत्राचार गरेकोमा पुनः२०८१।४।१६ को च.नं.११७ बाट,२०८१।४।२५ को च.नं.१५० बाट र २०८१।५।२५ को च.नं.२८७ बाट गरी पटक पटक पत्राचार गरेकोमा हालसम्म वजेटको सुनिश्चितता भएको अवस्था छैन । सो सम्वन्धमा सम्वन्धित निकायको ध्यान जानु जरूरी देखिन्छ ।

६७ **भिमाद लोहरेङ्ग पौडेकोट फेदि मोटरबाटो**

६७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गनुपर्ने व्यवस्था छ । पालिकाले रु.५१५०८६८।-को लागत मध्ये ११.३७% उपभोक्ता समितिको योगदान रहने गरी १२९५मि. नालि, १०२मि. बाटो ढलानको कार्य गर्न भिमाद लोहरेङ्ग पौडेकोट फेदि मोटरबाटो उपभोक्ता समितिसँग २०८०।९।२२ मा सम्झौता गरेकोमा रु.३२०७२८७।–को कार्य गरेको मूल्याङ्कन गरी गो.भौ.२४२।०८१।३।२४ बाट रु.२८१४३९६।–भुक्तानी दिएको पाईयो । तर उपभोक्ता समितिको विल भरपाई परीक्षण गर्दा मूल्याङ्कनमा १५३.७२ घ.मी.को मेशिनको प्रयोग उल्लेख भएकोमा सोको हुने रु.१७२९३५।-विल भरपाई पेश गरेको छैन । पालिकाले विल भरपाई समेतको आधारमा खर्च भुक्तानी गर्नुपर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले बाटो ढलान तथा नाली निर्माणको कार्य उपभोक्ता समिति मार्फत गराउने गरी सम्झौता गरेकोमा यसबर्ष ७६० मि. नालि निर्माण र आंशिक बाटो ढलानको कार्य मात्रै गरेको छ । सो बाटो निर्माण कार्यमा आ.ब.२०७९।०८० मा समेत कार्य भएको पाईएको तथा आ.ब.२०८१।०८२ मा प्रदेश स्तरको कार्यालयबाट कार्यगर्ने गरी वजेट विनियोजन भएको जानकारीमा आएको छ । अतः उपभोक्ता समितिहरुलाई नियमानुसारको मात्रै कार्य गर्नेगरी व्यवस्थापन गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

६८ **पेश्की बाँकी :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्यौंट नभई रु. २०००००।- म्याद नाघेको पेश्की फस्यौंट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्यौंट गर्नुपर्ने रु.

| **गो.भौ.नं.** | **पेश्कि लिने संस्था/व्यक्ति** | **प्रयोजन** | **पेश्कि लिएको मिति** | **म्याद नाघेको रकम** |
|---|---|---|---|---|
| १ | कालीगण्डकी एग्रो फार्म | कृषि प्रबर्द्धन कार्यक्रम | २०८०।०६।११ | २००००० |
| **जम्मा** | | | | **२०००००** |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **१,९४६,८०५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **४००,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-२** को निर्णयले रू **५५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | २,००,००० |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : रम्भा गाउँपालिका, पाल्पा , रम्भा गाउँपालिका , पाल्पा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | ठाकुर प्रसाद अर्याल | २०८०-५-१० | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | भक्तु जङ्ग राना | २०७९-५-५ | २०८०-४-१९ |
| लेखा प्रमुख | पोष्टराज न्यौपाने | २०७७-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| २४७,६२४ | ७,३३५,६५१ | २,३४१,११६ | ० | ० | २,६०१,८०५ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १२,५२६,१९६ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | ३,३१२,९७८ |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ९,२१३,२१८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ५८३८४८२३.२३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४१६०८८६५४.०२ | चालु खर्च | ३९६३९११८४.४३ |
| प्रदेश सरकारबाट अनुदान | २०३४५६१७ | पूँजीगत खर्च | ११३४८९६०० |
| राजश्व बाँडफाँट | ७२८०६२४३.०४ | वित्तीय/अन्य व्यवस्था | ८९९१०९३.२ |
| आन्तरिक आय | ८०४८०९६.० | | |
| अन्य आय | ४००९९९४.९८ | | |
| कुल आय | ५२१२९८६०५.०४ | कुल खर्च | ५१८८७१८७७.६३ |
| बाँकी मौज्दात | | ६०८११५५०.६४ | |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन।आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ।पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।